महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## सुरुङ्गा नगरपालिका, सप्तरी

## ८०२१५४०८३००

## सप्तरी



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-७-७

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
सुरुङ्गा नगरपालिका, सप्तरी ,
सप्तरी

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।६।२ मा छलफल पश्चात् तयार गरिएको पाना पैतालिस (४५) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।
कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो।
लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।
प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३७(१) वमोजिम ३५ दिनभित्र फर्स्योट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्योट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४)बमोजिम कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

बद्रीप्रसाद नेपाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार, काठमाण्डौं: प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी : प्रतिवेदन संलग्न छ ।, saptari.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान सिरहा : प्रतिवेदन संलग्न छ ।, praleika123@gmail.com

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार संचालन गर्न यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु पालिकाको लक्ष्य रहेको छ।यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १०७.०४ वर्ग कि मी तथा जनसंख्या ४९६६८ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०६ देखि २०८२।०५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय तर्फ रु. ९१०२२४३९८.५१ र व्ययतर्फ रु. ९२७९१७१३७.०३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११३७९।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | बैंकको नाम | भौचर नं. | दाखिला मिति | दाखिला रकम रु. |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर | राष्ट्रिय वाणिज्य बैंक | ८५९८३७८३ | २०८२।०५।०८ | ६७५० |
| २ | अग्रीम कर | | ८५९८३७८४ | २०८२।०५।०८ | ४६२९ |
| | | | | जम्मा | ११३७९ |


https://nams.oag.gov.np

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको प्राप्ति र भुक्तानी हिसाबको आर्थिक वर्ष २०८१।०८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

**एकिकृत आय व्यय विवरण**

| सि. नं. | प्राप्ति | रकम | रकम | सि. नं. | भुक्तानी | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **गत बर्षको जिम्मेवारी** | | **९८०९१६०७.५८** | १ | **चालु खर्च** | | **४०३२९६६७८.७६** |
| क | बैंक | ७९२५२९२६.३९ | | क | सुरुङ्गा नगरपालिका चालु | १६८८७४५४४.२४ | |
| ख | धरौटी | १२५७६१०९.७६ | | ख | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | २३४४२२१३४.५२ | |
| ग | विविध कोष खाता | ४४२०६४.९७ | | **२** | **पुँजीगत खर्च** | | **१७७३८३५५९.००** |
| घ | विविध खर्च खाता | ५७३२७९३.६० | | क | नगरपालिका पुँजीगत | १४५५८७८६३.०० | |
| ङ | प्रकोप व्यवस्थापन कोष | ८७७१२.८६ | | ख | संघीय सरकारबाट हस्तान्तरित पुँजीगत | २०८२६४६४.०० | |
| २ | **राजश्व** | | **१६१४०३०५६.४९** | ग | समपुरक अनुदान पुँजीगत | २३३५२५८.०० | |
| क | संघ | १०५६२०५१०.०३ | | घ | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान | ८६३३९७४.०० | |
| ख | प्रदेश | १२६९९२८२.१३ | | **३** | **विभिन्न कोषहरु** | | **१३२९११०३.००** |
| ग | मालपोत | ११९५५०२६.८७ | | क | विविध कोष खाता | १३५९३१४.०० | |
| घ | दहत्तर बहत्तर | १७५७७७७८.०० | | ख | प्रकोप व्यवस्थापन कोष | ४०१३१७.०० | |
| ङ | आन्तारिक आय | १३५५०४५९.४६ | | ग | विविध खर्च खाता | ११५३०४७२.०० | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | **४१६२६१३५५.००** | **४** | **धरौटी फिर्ता र सदरस्याहा** | १८५२२३८.५९ | **१८५२२३८.५९** |
| क | वित्तीय समानिकरण | १२०३८९१२०.०० | | **५** | **अन्तरसरकारी वित्तिय हस्तान्तरण** | | **२८६७०९०००.००** |
| ख | सशर्त अनुदान | २६८६७२०००.०० | | क | पन्ध्र शैया | ३३३७००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | | | | अस्पताल | | |
| ग | सशर्त अनुदान पुँजीगत | २३३००००००.०० | | ख | प्रशासकीय भवन | ३००००००००.०० | |
| घ | समपूरक अनुदान पुँजीगत | ३९००२३५.०० | | ग | आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण | ७४००००००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१८१५१४६२.००** | घ | औषधी उपचार खर्च | २२५००००.०० | |
| क | प्रदेश समानिकरण | ९५१७०००.०० | | ङ | सामाजिक सुरक्षा | २१२४८९०००.०० | |
| ख | प्रदेश सशर्त | ८६३४४६२.०० | | च | वाससहितको शौचालय | १२०००००.०० | |
| ५ | **अन्तरसरकारी वित्तिय हस्तान्तरण** | | **२८६७०९०००.००** | **६** | **फिर्ता रकम** | | **४५३१९४८९.६८** |
| क | पन्ध्र शैया अस्पताल | ३३३७००००.०० | | क | प्रदेश सरकारलाई बाँडफाँड खोला ठेक्काको | ७०३११११.२० | |
| ख | प्रशासकीय भवन | ३००००००००.०० | | ख | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | ३४२४९८६५.४८ | |
| ग | आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण | ७४००००००.०० | | ग | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | ४०३८५१३.०० | |
| घ | औषधी उपचार खर्च | २२५००००.०० | | **७** | नपा पुँजीगतको दोहोरो भुक्तानी | ६५०६८.०० | **६५०६८.००** |
| ङ | सामाजिक सुरक्षा | २१२४८९०००.०० | | क | मौज्दात | | **८०३९८८६९.०६** |
| च | वाससहितको शौचालय | १२०००००.०० | | ख | संचित कोष | ५१२०९२९७.०६ | \ |
| **६** | **धरौटी** | ११४३४८०६.९० | **११४३४८०६.९०** | ग | प्रकोप व्यवस्थापन कोष | १८६३९५.८६ | |
| **७** | **कोषहरु** | | **१४०५६४२८.५०** | घ | विविध खर्च खाता | ५७५८७५०.१० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क | प्रकोप व्यवस्थापन कोष | ५०००००.०० | | ङ | विविध कोष खाता | १०८५७४७.९७ | |
| ख | विविध कोष खाता | २००००००.०० | | च | धरौटी | २२१५८६७८.०७ | |
| ग | विविध खर्च खाता | ११५५६४२८.५० | | | | | |
| **८** | **दायित्व बाँकी र चेक नभजेको** | | **२२०८२८९.६२** | | | | |
| क | विविध कोष खाताको दायित्व वाँकी | २९९७.०० | | | | | |
| ख | पुंजीगतको दायित्व बाँकी | ९८९८१५.०० | | | | | |
| ग | चालू खर्च खाताको दायित्व बाँकी | ७८१३५९.७५ | | | | | |
| घ | अन्य चेक नभजेको | ८०८५२.८७ | | | | | |
| ङ | प्रदेश सशर्त पूँजीगत फिर्ता बाँकी | ४८८.०० | | | | | |
| च | चालू खर्च खाताको चेक नभजेको | ३३५५००.०० | | | | | |
| छ | नपा पुंजीगतको दोहोरो खर्च | १७२७७.०० | | | | | |
| जम्मा | | **१००८३१६००६.०९** | **१००८३१६००६.०९** | | | **१००८३१६००६.०९** | **१००८३१६००६.०९** |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवारको लेखा राख्दा सुत्रको प्रयोग गरी गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २१२४८९०००।००, पन्ध्र शैया अस्पतालको रु. ३३३७००००।००, प्रशासकिय भवनको रु. ३००००००००।००, आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको रु. ७४०००००।००, औषधी उपचार खर्चको रु. २२५००००।०० र बाससहितको शौचालयको रु. १२०००००।०० गरी जम्मा रु. २८६७०९०००।०० सुत्रमा लेखा राखेको देखिएन।जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको पाइएन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ०, यस वर्षको प्राप्ति रु. **०**, यस वर्षको भुक्तानी रु. ० र बैङ्क मौज्दात रु. २०५६२२३.७५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७९२५२९२६.३९ | ५५०४९६३८४.७० | ५८०५९६२३७.७६ | ४९१५३०७३.३१ |
| एकीकृत आर्थिक विवरण अनुसार | ७९२५२९२६.३९ | ५५०४९६३८४.७० | ५८०५९६२३७.७६ | ५१२०९२९७.०६ |
| **फरक** | **०** | **०** | **०** | **२०५६२२३.७५** |

सैद्धान्तिक बेरुजु

५ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैक स्टेटमेन्ट अनुसार | फरक |
|---|---|---|---|
| संचितकोष खाता | ४९१५३०७३.३१ | ५१२०९२९७.०६ | २०५६२२३.७५ बैँकमा बढी |
| विविध कोष खाता | १०८५७४७.९७ | १०८५७४७.९७ | ० |
| विविध खर्च खाता | ५७५८७५०.१० | ५७५८७५०.१० | ० |
| पूँजीगत खाता | ० | ० | ० |
| धरौटी खाता | २२१५८६७८.०७ | २२१५८६७८.०७ | ० |
| चालू खाता | ० | ० | ० |
| प्रकोप व्यवस्थापन कोष | १८६३९५.८६ | १८६३९५.८६ | ० |
| जम्मा | ७८३४२६४५.३१ | ८०३९८८६९.०६ | २०५६२२३.७५ बैँकमा बढी |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरेको पाइएन।सुत्रमा आम्दानी बाँधिएको रकमसँग चालु खर्च खाता, पुँजिगत खर्च खाता र धरौटी खाता,विविध खाता र सञ्चित कोष लगायतका खाता बैंक स्टेटमेन्टसँग भिडान गर्दा देहायबमोजिम फरक पर्न गएको देखिन्छ।श्रेस्ता अनुसार बाँकी मौज्दात रु. ७८३४२६४५.३१ देखिएकोमा बैक स्टेटमेन्ट अनुसार रु. ८०३९८८६९.०६ देखिएको छ।स्रेस्ता भन्दा बैकमा रु. २०५६२२३.७५ बढी मौज्दात देखिएको सम्बन्धमा पालिकाले एकिन गरि हिसाव पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

६.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपप्रमुखले मिति २०८१।०३।०९ गते रु.९३ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ४३४७३४०१ | २७७७४५८० | ४.८० |
| २ | पूर्वाधार विकास | १७४५७१३४० | १२६१४६८८८ | २१.८१ |
| ३ | सामाजिक विकास | ३५९१८१८६१ | ३०२७००११२.५२ | ५२.३५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२७८७००० | १०८२७०९५ | १.८७ |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | १३४९३७९९९ | ११०८१२३०४.२४ | १९.१६ |
| **जम्मा** | | **७२४९५१६०१** | **५७८२६०९७९.७६** | |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.८० प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५२.३५ प्रतिशत, पूर्वाधारतर्फ २१.८१ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ १.८७ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १९.१६ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.८० प्रतिशत मात्र खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ।प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा बजेट विनियोजन एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.४ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| विवरण | रु १ लाख देखि ५ लाखसम्म | रु ५ लाखदेखि २० लाखसम्मका | रु २० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| वडा स्तरीय | १०४ | ४७ | १ | १५२ |
| नगर स्तरीय | ९२ | ६४ | ९ | १६५ |
| जम्मा योजना | १९६ | १११ | १० | ३१७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ३१७ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १९६ वटा योजना छन् । जुन कुल योजना संख्याको ६१.८३ प्रतिशत हुन आउँछ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी भौगोलिक दुरी र पहुँचका आधारमा एकमुष्ठ लागत अनुमान तयार गरी ठूला योजना निर्माण कार्यमा र प्राथमिकता प्राप्त योजना संचालन र स्वीकृतीमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तरिक आय रु. ३११२८२३७.४६ र अन्य आय बाट रु. १३०२७४८१९।०३, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४३४४१२८१७।०० समेत रु. ५९५८१५८७३।४९ आम्दानी भएकोमा चालु तर्फ रु. ४०३२९६६७८। ७६ र पूँजीगत तर्फ रु. १७७३८३५५९।०० समेत रु. ५८०६८०२३७।७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.३६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १७६४१८००।०० खर्च भएको छ जुन आन्तरिक आयको ५६.६७ प्रतिशत रहेको छ । पालिकालाई यस वर्ष सबै अनुदान र राजस्व सहित कुल रु. ५९५८१५८७३।४९ प्राप्त भएकोमा ६७.६८ प्रतिशत चालु र २९.७७ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगतमा वार्षिक रु.१७ करोड ७३ लाख ८४ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ० अर्थात ० प्रतिशत, दोस्रो त्रैमासिकमा रु. ३ करोड १३ लाख ७७ हजार अर्थात १७.६८ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. १ करोड ३० लाख ५६ हजार अर्थात ७.३६ प्रतिशत र चौथो त्रैमासिकमा रु.१३ करोड २९ लाख ५१ हजार अर्थात ७४.९५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ८ करोड १९ लाख ८२ हजार अर्थात ४६.२२ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।

| सि.नं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | चौथो चौमासिक | |
| १ | पूँजीगत खर्च | १७७३८४ | ० | ३१३७७ | १३०५६ | १३२९५१ | ८१९८२ |
| | खर्च प्रतिशत | १०० | ० | १७.६८ | ७.३६ | ७४.९५ | ४६.२२ |

सैद्धान्तिक बेरुजु

९ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र

टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट नभई बाँकी रहेको ३ र यस वर्ष ११ गरि जम्मा १४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई १० वटा विवाद बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। वित्तीय जोखिम न्युनीकरण गर्न ऐन अनुसार आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सेवा प्रवाह**

११.१ **सेवाप्रवाहको स्थिति :** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्न विषयमा १८२५ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ । पालिकाले सेवा प्रवाहलाई वृद्धि गरि अभिलेखीकरण समेत गर्नुपर्दछ ।

| **विवरण** | **सेवा संख्या** |
|---|---|
| जन्म दर्ता | ९८३ |
| मृत्यु दर्ता | ३७० |
| बसाईसराई दर्ता | ७४ |
| विवाह दर्ता | ३९१ |
| सम्बन्ध विच्छेद दर्ता | ७ |
| जम्मा | १८२५ |

सैद्धान्तिक बेरुजु

११.२ **नक्सा दर्ता र पास** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ।पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण अनुसार पालिकाले यस वर्ष देहायबमोजिम नक्सा पास भएको छ।पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा दर्ता र पास गर्न अभियान नै लागु गर्नुपर्दछ।

| **घर नक्सापासको निवेदन संख्या** | **अस्थायी** | **कार्यसम्पन्न** | | **जम्मा नक्सा पास** |
|---|---|---|---|---|
| | | **गत विगत बर्ष अनुमति लिएका मध्ये** | **यो बर्ष अनुमति लिएका मध्ये** | |
| ३२७ | २७ | १४८ | १७ | १६५ |

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन :

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।

• अवकास कोष सम्वन्धी कानूनी व्यवस्था कार्यान्वयन गरेको पाईएन।

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको परिपालनामा कमी आउने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१३ **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ ।पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकी विवरण समाबेश गरेर राखी चालूतर्फ रु. १४७०१५५।०० र पूँजीगत तर्फ रु. १७९३२१९१।० गरी जम्मा रु. १९४०२३४६।०० भुक्तानी दिएको छ।एक आर्थिक वर्षको रकम बाँकी राखि अर्को वर्षमा भुक्तानी गर्दा सम्बन्धित खर्चको वार्षिक कार्यक्रमा असर गर्ने र तोकिए अनुसारको आयोजना समयमा सम्पन्न हुन नसक्ने हुन्छ।

सैद्धान्तिक बेरुजु

## १४ सहकारी तर्फ

१४.१ **सहकारी नियमन :** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको विवरण प्राप्त नभएका कारण सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको सम्बन्धमा यकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणमा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे पूर्ण रुपमा एकिन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१४.२

**समस्याग्रत सहकारी :** यस पालिकामा ६४ वटा सहकारी संस्था रहेकोमा १ वटा सहकारी संस्था समस्याग्रस्त रहेको विवरण पेश गरेको छ । पालिकाले सहकारीको अनुगमन गरि समस्याग्रस्त रहे नरहेको एकिन गरि अभिलेख तयार गरि राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **ठेक्का अभिलेख** -सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **योजना संशोधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ। स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सभाले जम्मा योजना संख्या ३१७ मध्ये ९२ वटा योजना संशोधनको निर्णय गरेको छ। यस्तो संशोधन औचित्यताको आधारमा गर्नु पर्दछ। केही उदाहरणहरुः

| सि.नं. | विवरण | रकमरु. |
|---|---|---|
| **घटाउने** | | |
| १ | वाश शाखा | २०००००० |
| २ | विद्यार्थीसँग मेयर कार्यक्रम | २५००००० |
| ३ | सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन | १८००००० |
| **बढाउने** | | |
| १ | ट्र्याक्टर खरिद | १३००००० |
| २ | प्रशासकीय भवन सौन्दर्यीकरण कार्य | ९५०००० |
| ३ | मोटरसाइकल खरिद | ४००००० |

सैद्धान्तिक बेरुजु

१७ **रकमान्तर** - आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। पालिकाको बिनियोजन ऐन, २०८१ मा रकमान्तरको प्रावधान रहेको छैन। सभाको निर्णय बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु. ३ करोड १ लाख ८५ हजार र बढाउने रु. ३ करोड ८८ लाख ८ हजार) अर्थात् कुल बजेट रू. ९३ करोड १८ लाख २८ हजारको ४.१६ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ। अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७७३८३५५९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **अनुदान फिर्ता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८२ असार मसान्त सम्म खर्च भई बाँकी रहेको अनुदान रकम संघीय तर्फ सशर्त चालु र पुँजीगत रु. ३६७२३४०१।४८ र संघीय समपुरक तर्फ रु. १५६४९७७।०० फिर्ता भएको छ। प्रदेश सशर्त अनुदान रु. ४८८ फिर्ता गर्न बाँकी रहेकोले फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | २९१९७२००० | २५५२४८५९८।५२ | ३६७२३४०१।४८ | २०८२।०३।२९ |
| | समपुरक | ३९००२३५ | २३३५२५८ | १५६४९७७ | २०८२।०३।२९ |
| प्रदेश सरकार | सशर्त | ८६३४४६२ | ८६३३९७४ | ४८८ | फिर्ता नभएको |

| प्रमाण पेश नगरेको | ४८८ |
|---|---|

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म स्थायी तथा करार गरी १०९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार शिक्षा अधिकृत (नवौँ/दशौँ), प्रशासन अधिकृत सातौँ/ आठौ, इन्जिनियर, लेखा अधिकृत,अमिन, स.ले.पा. सहित ११ पदहरु रिक्त रहेका छन् ।

सैद्धान्तिक बेरुजु

२३ **करार तथा अन्य सेवा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो

दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न १५ पदमा ६४ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा रु. १ करोड २६ लाख ३२ हजार खर्च लेखेको छ ।पालिकाले डोर हाजिरीमा नियुक्ती गरेका कर्मचारीहरुको नियुक्ती प्रक्रिया, करार नवीकरण,उनीहरुको योग्यताको विवरण संलग्न, प्रमाणित डोर हाजिरी र कार्यस्थलको स्पष्ट विवरण संलग्न गरेको छैन भने के-कति संख्यामा डोर हाजिरीमा नियुक्त गरेको सोको विवरण लेखापरीक्षणको क्रममा पेश भएन ।त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकिदार, माली तथा बगैचे लगायतका पदमा मात्र करारमा कर्मचारी नियुक्ती गरी पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **आर्थिक सहायता** : पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३४ लाख ३६ हजार आर्थिक सहायता वितरण गरेको छ ।उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु. ३११२८०००।०० को तुलनामा ११.०४ प्रतिशत रहेको देखिन्छ ।आर्थिक सहायता वितरण गर्दा निश्चित मापदण्ड र निर्देशिका बनाई सोही अनुसार बितरण गर्ने गरि यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु यस प्रकार छन ।

| सि.नं. | गो.भौ.नं./ मिति | भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|
| १ | १३०।२०८१।०९।०३ | वडा नं ८ अन्तर्गत माँ मुसहरनिया क्लब | खेलकुद सम्बन्धी कार्यहरु | १००००० |
| २ | ७४।२०८१।०८।०५ | योगेन्द्र प्रसाद यादव | वडा नं ९ मा हनुमानको मूर्ति स्थापना | ४०००० |
| ३ | २३५।२०८१।१०।२८ | वडा नं ८ श्री मावि मलहनमा | वडा नं ८ मा बार्षिक उत्सव तथा हरित विद्यालय घोषणा कार्यक्रम | ६१८२० |
| ४ | २९३।२०८१।११।१८ | विभिन्न २३ जना | औषधी उपचार | १२२००० |
| ५ | ५८५।२०८२।०३।०८ | विभिन्न २६ जना | औषधी उपचार | १००००० |

सैद्धान्तिक बेरुजु

२५ **मेला तथा महोत्सव** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन ।नमुना परीक्षणको रुपमा परीक्षण गरिएको श्रेस्तामा कार्यालयले शुभकामना आदान प्रदान, पुजा, मेला जस्ताकार्यक्रम राखी निम्न अनुसारको खर्च गरेको छ । मेला महोत्सवमा भएको खर्च विविध खर्चको पुष्टियाई, खरिद भएको सामग्रीहरु प्रयोग र मौज्दात पुष्टी हुने कागजात, अन्य शीर्षकमा भएको खर्चको पुष्टि हुने प्रमाण कागजात पेश भएको देखिएन ।यसले खर्चको सम्बन्धमा यकीन हुन सकिएन । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस्तो अनुत्पादक प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यानदिनुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

| सि.नं. | गो.भौ.नं./ मिति | भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|---|
| 1 | ७४।२०८१।०८।०५ | रिंकु कुमारी यादव | तिज तथा जितीया शुभकामना कार्यक्रम | १६९४०० |
| 2 | ७६।२०८१।०८।०६ | रिंकु कुमारी यादव | तिज पर्व | १३०००० |
| 3 | ३५५।२०८१।१२।१९ | नेपाल मगर सँघ | माघी पर्व | ५०००० |
| ४ | ७२१।२०८२।०३।१९ | रमाकान्त चौधरी | राजदेवी र लक्ष्मी पुजा | ४९००० |
| ५ | ७४०।२०८२।०३।२० | नाजिर मिया / रामकिसुन मोची | वडा नं ६ विवाह पञ्चमी मेला | २००००० |

सैद्धान्तिक बेरुजु

२६ **वितरणमुखी कार्यक्रम :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी बितरणमुखी कार्यक्रममा खर्च गर्ने गरेको देखियो । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।केही उदाहरणहरु निम्नानुसार छन् ।

| भौचर नं. र मिति | विवरण | रकम |
|---|---|---|
| २२१।२०८१।१०।२४ | वडा नं ८ का ३ विद्यालयहरुमा ५०४ थान स्वीटर वितरण | २६४६३४ |
| २२४।२०८१।१०।२५ | १२ वटा क्लबलाई खेलकुद सामाग्री वितरण | ९९९२४ |
| ३३७।२०८१।१२।०६ | वडा नं १ को चहकामा रहेको दलित बस्तीमा कराई, थाल, बाल्टिन लगायतका सामाग्री बितरण | ९९४०६ |
| ३५२।२०८१।१२।२९ | क्रिकेट खेलाडीहरुलाई क्रिकेट सामाग्री बितरण | ४९३४८ |
| ४३१।२०८२।०१।२१ | नगरस्तरीय क्रिकेट समूहलाई जर्सी बितरण | ३४७४७ |
| ४६८।२०८२।०२।०२ | वडा नं ५ का २ ओटा विद्यालयहरुलाई खेलकुद सामाग्री बितरण | ४६९३८ |
| ५४५।२०८२।०२।२९ | वडा नं ९ को केशव स्मारक जनता मा.वि.मा खेलकुद सामाग्री बितरण | ९९३०० |
| ६२१।२०८२।०३।१५ | वडा नं २ मा बिपद व्यवस्थापन सम्बन्धी सामाग्री ४६ थान त्रिपाल वितरण | ९८२०० |
| | | |

सैद्धान्तिक बेरुजु

२७ **जिन्सी सम्पत्ती व्यवस्थापन प्रणालीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६२ मा ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाइ व्यवस्थित गर्न महालेखा नियन्त्रक कार्यालयले आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरू विकास गरी लागू गर्ने व्यवस्था छ।महालेखा नियन्त्रक कार्यालयले सरकारी सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन कार्यका लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) विकास गरेको छ।सो प्रणाली सबै कार्यालयमा लागु गर्न महालेखा नियन्त्रक कार्यालयले च. नं. ११ मिति २०७७।४।१२ मा परिपत्र गरेकोले सो प्रणाली सम्पूर्ण शाखा कार्यालयहरुमा समेत पूर्ण रुपमा लागु गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ तथा सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाको जिन्सी निरीक्षण समितिले पेश गरेको आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार देहायबमोजिका जिन्सी सामग्रीहरुको मर्मत गर्नुपर्ने विवरण पेश गरेको देखिन्छ । पालिकाले लेखापरीक्षणको अवधिसम्म पनि उक्त सामग्रीहरुको मर्मत गरेको नदेखिएकोले नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार र लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.स. | सामाग्रीको नाम | मर्मत गर्नुपर्ने |
|---|---|---|
| १ | मोटरसाईकल | २७ |
| २ | भर्याङ | २ |
| ३ | हिटर | २ |
| ४ | डेस्कटप कम्प्युटर | ३ |
| ५ | ल्यापटप | ५ |
| ६ | प्रिन्टर | ५ |
| ७ | हिटर | २ |
| ८ | कुलर | १ |
| ९ | ईन्चर्टर | ६ |

सैद्धान्तिक बेरुजु

२९ **भ्रमण अभिलेख एवं प्रतिवेदन :** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन तथा भ्रमण खर्च वापत रु. २६ लाख ९२ हजार खर्च लेखेकोमा भ्रमण तथा अनुगमनको अभिलेख व्यवस्थित तवरले राखेको देखिएन साथै भ्रमणको उद्देश्यमा कार्यालय कामकाज उल्लेख भए तापनि सो कामलाई प्रमाणित गर्ने कागजात संलग्न गरेको देखिएन। अतः नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास वस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **विविध खर्च** : आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । यो वर्ष पालिकाले पालिकाको कार्यालय र वडा तर्फ गरी रु. ३१ लाख ४९ हजार को विविध खर्च गरेको छ । उक्त खर्च पालिकाको यस बर्षको आन्तरिक आय रु. ३ करोड ११ लाख २८ हजारको तुलनामा १०.११ प्रतिशत रहेको देखिन्छ । यसरी खर्च लेख्दा खर्च गरेको रकमको विल र भुक्तानी पाउनेको निवेदन पेश गरे तापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बील मात्र राखि बीलकै आधारमा विभिन्न व्यक्तिहरु तथा फर्महरुलाई भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्ता तथा अतिथि सत्कार र पुजा पाठ जस्ता विविध शीर्षकमा खर्च गरेको छ । विविध शीर्षकबाट खर्च गर्न सकिने क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत तथा आन्तरिक आम्दानीलाई समेत विचार गरी खर्च लेख्नुपर्ने र उचित कारण तथा औचित्य बिना बिल पेश गरेकै भरमा भुक्तानी दिने परिपाटिमा नियन्त्रण गर्न जिम्मेवार पक्षको ध्यान जानुपर्ने देखिन्छ ।विविध खर्चका केही उदाहरण निम्न अनुसार रहेका छन् ।

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १२७।२०८१।०९।०२ | चौधरी होटल | ११२२५५ |
| ४६७।२०८२।०२।०१ | चौधरी होटल | ६६५९५ |
| ४८२।२०८२।०२।०९ | कान्छा होटल | ७१९४९ |
| ५९५।२०८२।०२।१९ | होटल सम्राट ईन प्रालि | १०७३५० |

सैद्धान्तिक बेरुजु

३१ **वडाको कार्यसंचालन खर्च :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै पालिकाले वडाको कार्यसंचालन खर्चको लागि स्पष्ट मापदण्ड बनाई सो आधारमा बजेट व्यवस्था हुनुपर्नेमा कुनै वडालाई बढी कुनै वडालाई कम कार्यालय संचालन तथा व्यवस्थापनको बजेटको व्यवस्था गरेको छ । पालिकाले वडाको कार्यसंचालन अन्तर्गत मसलन्द तथा कार्यालय सामग्री, ईन्धन, चियापान र खाजा नास्तामा रु. ५५ लाख खर्च भुक्तानी गरेको छ ।पालिका र वडाले पनि मसलन्द तथा कार्यालय सामग्रीमा खर्च गरेकोले एउटै शीर्षकमा खर्च गरेकोले दोहोरो खर्च हुने देखिन्छ ।खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा वडा सचिवलाई भुक्तानी दिएको छ ।खर्चमा पारदर्शिता कायम भएको देखिएन । पालिकाले वडाको कार्यसंचालनको लागि स्पष्ट मापदण्ड बनाई शीर्षकगत रुपमा आवश्यकताको पहिचना गरी बजेट व्यवस्थापन गरी बिलको रकम सोझै आपूर्तकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । वडाको कार्यसंचालनको अधिकतम रकम खाजा र खाना शीर्षकमा बढी खर्च भएको र सो खर्च पुष्टि गर्ने प्रमाण संलग्न भएको देखिएन । पालिकाले खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **सुचना प्रकाशन**

३२.१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन :** स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायीसँग तोकिएको सीमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु.१२ लाख ५० हजार खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी दरभाउपत्र वा वोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरीनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द,रंगीन वा श्यामस्वेत र सीसी तथा छुट सुविधा जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानुन बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामुलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.२ **सूचना प्रकाशनमा छुट :** विज्ञापन नियमन गर्ने नियमावली,२०७७ को नियम ६(क) को उप नियम २ मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यावाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम ३ बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए संचारमाध्यामले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५ (ख) दररेटको आधारमा गर्नुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । साथै विज्ञापन ( नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने

नियमावली ( संशोधन सहितको ) २०७७ को नियम छ (क) को उपनियम (३) मा संचार माध्याम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नु अघि ऐनको दफा २१ को खण्ड (ख ) बमोजिमको रकम कट्टा गर्नुपर्ने र उपदफा (४) मा नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नु पर्ने छ भन्ने ब्यवस्था रहेको छ तर पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्यम तथा पत्रिका मार्फत गर्दा सरकारी निकाय राष्ट्रिय स्तरका दैनिक पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा पनि छुट दिने दर २५ प्रतिशत भन्दा पनि कम देखियो।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना प्रकाशन गरी अधिकतम छुट लिने व्यवस्था मिलाउनुपर्दछ ।नियमको पालना गरेर मात्र विज्ञापन गराउनु पर्ने, र नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने देखिन्छ । केही उदाहरण निम्नानुसार छन् ।

| गो भौ नं | पत्रिकाको नाम | विवरण | भुक्तानी रकम | छुट |
|---|---|---|---|---|
| ६४९।२०८२।०३।१७ | उत्सब मिडिया सर्भिस | सौर्य दैनिकमा सूचना प्रकाशन | ५३७८८ | १५ प्रतिशत |
| ८६१।२०८२।०३।२५ | नवसँग्राम दैनिक | हाटबजार तथा पोखरी ठेक्का | ४०००० | नलिएको |
| ५३३।२०८२।०२।२९ | भोक्राहा नेटवर्क प्रालि | सन्देशमूलक सूचना | ९५४५० | नलिएको |

| सैद्धान्तिक बेरुजु |
|---|

३२.३ **सीप विकास तालिमको सूचना प्रकाशन :** स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले राजधानी दैनिकमा सीप बिकास तालिमको २ पटकको सूचना प्रकाशन बापत प्रभास एण्ड प्रणव मल्टीप्रपोज प्रालिलाई रु २१३५७०।० भुक्तानी दिएको छ । पालिकाले मिति २०८१।०९।१७ मा सूचना प्रकाशन गरी रु १०६७८५।० भुक्तानी दिनुपर्नेमा फेरी अर्को पटक त्यही सूचनाको विवरण गलत भई अर्को सूचना प्रकाशन वा संशोधित सूचना प्रकाशन भनी २ दिनपछि सूचना प्रकाशन भएको पाईयो । यसरी पालिकाले एउटै भुक्तानीमा हुने सूचनालाई विवरण दिँदा गलत विवरण दिई एउटै कामलाई दोहोरो सूचना प्रकाशित गरि भुक्तानी दिनु नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,०६,७८५ |
|---|---|

३२.४ **बढी भुक्तानी :** ४५०।२०८२।०१।२२ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले सूचना प्रकाशन बापत कान्तिपुर मिडिया सर्भिस (न्यू सृष्ट दैनिकमा सूचना प्रकाशन) लाई बिलमा उल्लेखित रकम रु. ५०७१४।० भुक्तानी गर्नुपर्नेमा रु. ६०६१५।०० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम रु. ९९०१।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९,९०१ |
|---|---|

३३ **टुक्रा पारी सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसमान र रु.५ लाख सम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट निर्धारित सीमा भन्दा बढीको मालसामान सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष नगर चालुतर्फ नगर तथा वडाहरुको लागि सोझै खरिदको माध्यमबाट मसलन्द तथा कार्यालय सामग्री र अन्य कार्यालय संचालन खर्च लगायत विभिन्न शीर्षकरुबाट मसलन्द तथा कार्यालय सामग्रीहरुको खरिदमा रु.३८ लाख ७७ हजार खर्च लेखेको छ ।उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजिंग गरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरले खरिद गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा पारी सोझै खरिद गरेको छ ।अतः पालिकाले एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तथा प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **तलवी प्रतिवेदन:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी पालिकातर्फ ३३ जना स्थायी कर्मचारीहरुको रु. २ करोड ६६ लाख ७७ हजार र स्वास्थ्य तर्फ ६६ जना स्थायी कर्मचारीहरुको रु. ४ करोड ९९ लाख ९६ हजार कर्मचारी पारिश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **जिल्ला समन्वय समितिमा निर्वाचित सदस्यलाई पालिकाबाट सुविधा भुक्तानी :** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ (१) अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था छ । पालिकाको ९ नं. वडा सदस्य रन्जिता कुमारी चौधरी थरुनी जिल्ला समन्वय समिति सदस्यमा निर्वाचित भई गएको र जिल्ला समन्वय समितिबाट सुविधा पाउने व्यवस्था ऐनमा उल्लेख भएकोमा पालिकाबाट समेत श्रावण देखि मंसिर सम्मको ५ महिनाको मासिक रु. ९५०० को दरले सुविधा र रु. १५०००।०० चाडपर्व खर्च समेत भुक्तानी भई दोहोरो परेको देखिएकोले दोहोरो भुक्तानी रकम रु. ६२५०० निजबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६२,५०० |
|---|---|

३६ **पदाधिकारी सुविधा :** स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्दछ ।पालिकाले यो वर्ष पदाधिकारीको वार्षिक सुविधामा रु. १ करोड ७६ लाख ४२ हजार खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो वर्षको आन्तरिक आय रु. ३ करोड ११ लाख २८ हजारको तुलनामा ५६.६७ प्रतिशत रहेको देखिन्छ ।आन्तरिक स्रोत समेतको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा पालिकाले नेपाल सरकार समानीकरण र राजस्व बाँडफाँडबाट खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकममा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका पदाधिकारी तथा सदस्यलाई अनुगमन भत्ता बापतको रकम मासिक रुपमा रु ३०००।०० को दरले भुक्तानी गर्दा श्रावण देखि मंसिर महिना सम्मको उक्त भत्तामा १ प्रतिशत मात्र कर कट्टी गरेको छ। तसर्थ नपुग कर रु ४४१०० सम्बन्धित पदाधिकारी तथा सदस्यबाट असुल गर्नुपने रु.

| क्र. स | पदाधिकारी तथा सदस्यको नाम | पद | भुक्तानी रकम | कर कट्टी रकम | घट्टी कर कट्टी रकम |
|---|---|---|---|---|---|
| १ | गीता चौधरी | नगर प्रमुख | १५००० | १५० | २१०० |
| २ | रुद्र बहादुर कार्की | नगर उपप्रमुख | १५००० | १५० | २१०० |
| ३ | छत्र बहादुर राउत | वडा अध्यक्ष १ | १५००० | १५० | २१०० |
| ४ | अर्जुन राज खपाङ्गी | वडा अध्यक्ष २ | १५००० | १५० | २१०० |
| ५ | किरण कुमार पोखरेल | वडा अध्यक्ष ३ | १५००० | १५० | २१०० |
| ६ | देवेन्द्र चौधरी | वडा अध्यक्ष ४ | १५००० | १५० | २१०० |
| ७ | दिलाराम चौधरी | वडा अध्यक्ष ५ | १५००० | १५० | २१०० |
| ८ | दिनेश कुमार राम | वडा अध्यक्ष ६ | १५००० | १५० | २१०० |
| ९ | शिव नारायण चौधरी | वडा अध्यक्ष ७ | १५००० | १५० | २१०० |
| १० | श्याम प्रसाद साह | वडा अध्यक्ष ८ | १५००० | १५० | २१०० |
| ११ | सन्त कुमार यादव | वडा अध्यक्ष ९ | १५००० | १५० | २१०० |
| १२ | चन्द्र नारायण यादव | वडा अध्यक्ष १० | १५००० | १५० | २१०० |
| १३ | राम कुमार चौधरी | वडा अध्यक्ष ११ | १५००० | १५० | २१०० |
| १४ | हिरा कुमारी चौधरी | न.का. सदस्य ४ | १५००० | १५० | २१०० |
| १५ | शान्ती देवी मण्डल खत्वे | न.का. सदस्य ११ | १५००० | १५० | २१०० |
| १६ | राधा कुमारी मोची | न.का. सदस्य १० | १५००० | १५० | २१०० |
| १७ | निर्मला कुमारी चौधरी | न.का. सदस्य ११ | १५००० | १५० | २१०० |
| १८ | सुनिता कुमारी दास | न.का. सदस्य ३ | १५००० | १५० | २१०० |
| १९ | राम भगत मोची | न.का.सदस्य (बाहिर) | १५००० | १५० | २१०० |
| २० | फुलो कुमारी राम | न.का.सदस्य (बाहिर) | १५००० | १५० | २१०० |
| २१ | शिव दर्शन पासवान | न.का.सदस्य (बाहिर) | १५००० | १५० | २१०० |
| | जम्मा | | ३१५००० | ३१५० | ४४१०० |

| असुल गर्नुपर्ने | ४४,१०० |
|---|---|

३८ **छोरी बीमा कार्यक्रम :** पालिकाले यस वर्ष मापदण्ड तथा कार्यविधी तयार नगरी छोरी बीमा कार्यक्रम अन्तर्गत एशियन लाइफ इन्सुरेन्स कम्पनीलाई २०४ जना छोरीको बीमा वापतको रकम मिति २०८२।०३।१८ मा गो.भौ.नं ६६२ बाट रु.१८१४६४९।०० भुक्तानी गरेको छ ।मधेश प्रदेश सरकारको मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ कार्यक्रम अन्तर्गत छोरी शिक्षा बीमा कार्यक्रम संचालन भईरहेको अवस्थामा सोही प्रकृतिको कार्यक्रम पालिकाले पनि गरेको हुँदा उक्त कार्यक्रममा दोहोरोपना भए नभएको सम्बन्धमा स्पष्ट हुन नसकिएकोले एकिन गरी दोहोरो नपर्ने गरी यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **घटी कर कट्टि** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थासँगको कारोबारमा सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायमा उल्लेखित

संस्था मार्फत कार्यक्रम संचालन गरी भुक्तानी दिएकोमा उक्त संस्थाहरुले मुल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा सो बमोजिम नगरी घटी कर कट्टि गरेको देखिएकोले घटी कर कट्टि रकम रु. ४९८७५ असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | रकम | कट्टि हुनुपर्ने रकम | कट्टि भएको रकम | घटीकर कट्टि | कार्यक्रम |
|---|---|---|---|---|---|---|
| ४३०।२०८२।०१।२१ | जनचेतना दलित संगम मधुपट्टी | ९९००० | १४८५० | २४५० | १२४०० | वडानं ४ मा हरवा चरवा सशक्तिकरण कार्यक्रम |
| ७६१।२०८२।०३।२० | सेवानेपाल | ३९५००० | ५९२५० | ३५९२५ | २३३२५ | स्थानीय स्रोतको प्रयोग गरी अचार बनाउने तालिम |
| ७६२।२०८२।०३।२० | हामी सखी : एक अर्काका लागि | २९०००० | ४३५०० | २९३५० | १४१५० | विभिन्न कच्चा पदार्थको सुखद (मस्यौरा) बनाउने तालिम |
| जम्मा | | ७८४००० | ११७६०० | ६७७२५ | ४९८७५ | |

| असुल गर्नुपर्ने | ४९,८७५ |
|---|---|

४० **बंगुरको पाठापाठी वितरण :** पालिकाले यस वर्ष वडा नम्बर १ मा वडाको निर्णय बमोजिम उक्त वडाका विपन्न व्यक्तिहरुको लागि १ वटा बंगुरका पाठा र १४ वटा बंगुरका पाठी रु. १६०५००।०० मा नमूना बहुउद्देश्यीय कृषि फर्मबाट खरिद गरी निःशुल्क वितरण गरेको छ । पालिकाले विगतका आर्थिक वर्षमा समेत निःशुल्क रुपमा बोयर बोका र पाठी वितरण गरेकोमा यस वर्ष पनि वडा नं १ मा बंगुरका पाठा तथा पाठी वितरण गरीएको छ जसले गर्दा यस वर्ष पाठा तथा पाठी पाउनेहरुले अघिल्लो आर्थिक वर्षहरुमा अनुदान स्वरुप पाठा तथा पाठीहरु पाए/नपाएको र उक्त कार्यमा दोहोरोपना भए/नभएको सम्बन्धमा यकिन गर्न सकिएन । पालिका तथा वडाहरुबाट यस किसिमका कार्यहरु गर्दा यस भन्दा अघि अनुदान पाएकाहरुले थप अनुदान नपाउने तथा वितरण कार्यमा दोहोरोपना नहुने सुनिश्चित गरी वितरण गर्नुपर्दछ । साथै वितरण गरीएका बंगुरका पाठा र पाठीहरुको सम्बन्धमा अनुगमन गरी अनुदानको सही उपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **बालमैत्री स्थानीय शासन :** पालिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम आर्थिक वर्ष २०७९।०८० देखि शुरु गरी उक्त कार्यक्रमलाई निरन्तरता दिदै यस वर्ष बाल बचाउ, बाल संरक्षण, विकास र सहभागिता तथा संस्थागत लगायतका सूचकहरुको आधारमा कार्यक्रमका लागि नगर तथा वडा तर्फ गरी रु. ४०९६६६०।०० खर्च लेखेको छ ।बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८,बालमैत्री स्थानीय शासन कार्यान्वियन निर्देशिका,२०७८ एवं बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा उल्लेखित सूचक प्राप्तिका लागि योजनाबद्ध रुपमा काम गर्दै बालमैत्री स्थानीय शासन कार्यान्वियनका ५ वटा चरणहरु, संघीय सूचकहरु ५१ वटा र २ थप गरी ५३ वटा न्यूनतम सूचकहरु तथा १० वटा रणनितीहरु निर्धारण गरीएको छ ।अहिले सम्म वडा नं १,३,५,७,८,१० र ११ नं वडालाई बालमैत्री स्थानीय शासन घोषणा गरी सकिएको र अन्य वडाहरु वडा नं २,४,६ र ९ लाई घोषणा गर्न बाँकी रहेको देखिन्छ ।पालिकाले हालसम्म कुन-कुन चरणहरु तथा के-कति सूचकहरु हासिल भईसकेका छन् र कुन-कुन चरण तथा सूचकहरु हासिल गर्न बाँकी छन् सोको एकिकृत विवरण वडा कार्यालयहरुसँग समन्वय गरी तयार नगरेकोले बालमैत्री स्थानीय शासनको लागि भएको खर्च अनुसार उपलब्धि हासिल भए/नभएको सम्बन्धमा विश्लेषण गर्न सकिएन ।अतः पालिकाले प्रत्येक वर्षको प्रगति विवरण तयार गर्नुको साथै कार्यक्रमको प्रभावकारी अनुगमन तथा मुल्यांकन गरी उक्त कार्यक्रमलाई सफल रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **खर्चको पुष्टी नभएको** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए

म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु. १३२९३२४ भुक्तानी गर्दा आवश्यक कागजात पेश गरेको देखिएन । तसर्थ खर्चको प्रमाणित कागजात पेश हुनुपर्ने रु.

| **भौ. नं./ मिति** | **भुक्तानी पाउने** | **प्रयोजन /विवरण** | **नपुग कागजात** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ४११।२०८२।०१।०९ | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रालि | पञ्चकन्या सामुदायिक बनको बिधान तथा कार्ययोजना निर्माण कार्य | PAMS दाखिला | १००००० |
| ६०१।२०८२।०३।१२ | सहजयोग नेपाल | अधुरो भवन निर्माणका लागि | कार्यसम्पन्न प्रतिवेदन | ५००००० |
| ६१०।२०८२।०३।१२ | श्री कामुरधामी बाबाको मन्दिर संरक्षण समिति | कामुरधामी धर्मशाला निर्माण कार्यका लागि अनुदान सहयोग | कार्यसम्पन्न प्रतिवेदन | ३००००० |
| ३४।२०८२।०३।०६ पालिका स्वास्थ्य चालु | नेपाल स्वस्थ फुड ईन्डष्ट्रिज प्रालि | गर्भवती तथा प्रसुती आमाहरुका लागि खाद्यबस्तु वितरण (५० कार्टुन १०० संख्या) | वितरणको प्रमाण | ४२९३२४ |
| | | | **जम्मा** | १३२९३२४ |

| प्रमाण पेश नगरेको | १३,२९,३२४ |
|---|---|

४३ **कर्मचारीलाई भुक्तानी** : नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा पालिकाले खर्चको भुक्तानी दिएको केही विवरण परीक्षण गर्दा सम्बन्धित सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएको छ। सार्वजनिक खर्चको भुक्तानी दिँदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको वैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। जसका केही उदाहरण निम्नानुसार छन् ।

| क्र सं | गो भौ नं मिति | भुक्तानी पाउने | विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | १९९।२०८१।१०।१४ | मिना कुमारी चौधरी | मसलन्द, खाजा, ईन्धन | १४४५९६ |
| २ | २८५।२०८१।११।१३ | प्रदिप कार्की | मसलन्द तथा कार्यालय सामाग्री र विविध खर्च | ९४३०१ |
| ३ | ४७८।२०८२।०२।०८ | हरिनन्दन राम | सवारी मर्मत | १७२५० |
| ४ | ५३०।२०८२।०२।२७ | आशा कुमारी चौधरी | पानी तथा बिजुली, मसलन्द, मर्मत सम्भार र विविध खर्च | २५०४९८ |
| ५ | ५४३।२०८२।०२।२९ | रोशन कुमार यादव | पानी तथा बिजुली, मसलन्द, मर्मत सम्भार र विविध खर्च | २०९८२८ |
| ६ | ७१५।२०८२।०३।१९ | मिरा कुमारी चौधरी | पानी तथा बिजुली, मसलन्द, मर्मत सम्भार र विविध खर्च | ९९४०० |
| ७ | ७२८।२०८२।०३।१९ | सन्तोष कुमार चौधरी | पानी तथा बिजुली, मसलन्द, मर्मत सम्भार र विविध खर्च | १०७२८० |
| ८ | ५९८।२०८२।०३।१२ | रिंकु कुमारी यादव | विविध खर्च बापत | २१८९८० |

| सैद्धान्तिक बेरुजु |
|---|

४४ **विद्युत महसुल जरिवाना :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र तथा नियमावली २०७७ को नियम ३९(११) मा सरकारी कारोवार गर्दा उचित गुणस्तर,मितव्ययी तथा हानीनोक्सानी नहुने प्रवन्ध मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी वनाउने सम्वन्धी मापदण्ड २०७८ को नियम १५ मा रकम विनियोजित भएको अवस्थामा महशुल समयमा भुक्तानी नगरी जरीवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरीवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा

प्रमुखबाट दामासाहीले असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा पालिकाले रकम विनियोजित भएको अवस्थामा समेत विद्युत वापतको भुक्तानी नेपाल विद्युत प्राधिकरणलाई समयमा विल भुक्तानी नगरी जरीवाना तिर्नुपर्ने अवस्था भएकोले अनियमित देखिएको रु.

| गो.भौ. नं. | मिति | विवरण | बिल रकम | जरिवाना रकम |
|---|---|---|---|---|
| १५७ | २०८१।०९।२३ | वडा नं ११ को विद्युत महशुल भुक्तानी | ८५०० | १७०० |
| १५९ | २०८१।०९।२३ | वडा नं १० को विद्युत महशुल भुक्तानी | १०६०१ | १९८६ |
| १६४ | २०८१।०९।२४ | वडा नं २ को विद्युत महशुल भुक्तानी | ११२६५ | २०१२ |
| २४८ | २०८१।१०।२९ | पालिकाको कार्यालयको विद्युत महशुल भुक्तानी | ७०३०० | ११२४० |
| २६३ | २०८१।११।०५ | वडा नं १ को विद्युत महशुल भुक्तानी | १०३१० | १६४१ |
| २८७ | २०८१।११।१३ | विद्युत महशुल भुक्तानी | १५७३० | २८०० |
| ४८१ | २०८२।०२।०९ | विद्युत महशुल भुक्तानी | ७७०५ | १३२१ |
| ५३० | २०८२।०२।२७ | वडा नं ११ विद्युत महशुल | २१५४० | २७४७ |
| ८२८ | २०८२।०३।२४ | विद्युत महशुल भुक्तानी | ४४६१० | ६४८१ |
| | | | जम्मा | ३१९२८ |

| अनियमित भएको | ३१,९२८ |
|---|---|

४५ **इन्धन खर्च :** पालिकाले यो वर्ष इन्धन (कार्यालय प्रयोजन) तर्फ रु. ३४४१६३२।०० खर्च लेखेको छ ।पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कोरपियो, १ वटा पिकअप, २ वटा ट्रयाक्टर, १ वटा एम्बुलेन्स, २ वटा जेनेरेटर तथा ३४ वटा मोटरसाईकल रहेका छन् ।पालिकाले इन्धन वापत खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा राखेको पाइएन। साथै लेखापरीक्षणको क्रममा कुन-कुन सवारी साधनमा के कति मात्रामा इन्धन खपत भएको छ भनी इन्धन खपतको लगत पेश गर्न भनिएकोमा पालिकाले उपलब्ध नगराएको हुँदा इन्धन खर्च मितव्ययी तरिकाले उपयोग भएको छ भनि यकिन गर्न सकिदैन । अतः पालिकाले इन्धन खर्च लेख्दा सवारी साधन वाइज सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्ने तथा एकद्धार प्रणालीबाट इन्धनको अर्डर स्लीपहरु काट्नुपर्ने र भुक्तानी दिदा पालिकाबाट जारी भएका अर्डर स्लीपहरु र फर्महरुले पेश गरेको बीजकहरु भिडान गरी इन्धन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४६ **सवारी साधन तथा मेशीनरी औजार मर्मत र सम्भार खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कोरपियो, १ वटा पिकअप, २ वटा ट्रयाक्टर, १ वटा एम्बुलेन्स, २ वटा जेनेरेटर तथा ३४ वटा मोटरसाईकल रहेका छन् ।पालिकाले सवारी साधन वाइजको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार नगरी विभिन्न फर्महरु तथा कर्मचारीहरुले बील पेश गरेकै आधारमा यो वर्ष सवारी साधन,मेशिनरी औजार संचालन तथा सम्भारमा वडा र पालिकातर्फ रु. ३३५५९४३ खर्च लेखेको छ । यसरी सवारी साधन र मेशिनरी औजार मर्मत तथा सम्भार गर्दा सम्बन्धित सवारी चालकबाट मर्मत गर्नुपर्ने मनासिव कारण सहितको मर्मत विवरण तथा प्राविधिक पक्षबाट मर्मत गर्न लाग्ने लागत अनुमान तयार गरी कार्यालय प्रमुखवाट मर्मत आदेश जारी गरी प्रतिस्पर्धात्मक र मितव्ययी तवरले मर्मत सम्भार गराउनुपर्दछ। अतः पालिकाले सवारी साधन र मेशिनरी औजारहरुको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार तथा प्रचलित कानुनको पालना गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं र मिति | भुक्तानीपाउने | रकम | कैफियत |
|---|---|---|---|
| ५३५।२०८२।०२।२९ | प्रकाश मोटरसाईकल सर्भिसिङ सेन्टर | १५९४५० | सवारी मर्मत २ पाङग्रे |
| ३१४।२०८१।११।२६ | जयमाँ काली आईटी सोलुसन | ७२९८८ | मेशिनरी तथा औजार मर्मत |
| | जय माँ काली जेनरल ट्रेडर्स | २५६१४७ | |
| | हरे कम्प्यूटर ईन्टरप्राईजेज | १२९१६० | |
| ७२९।२०८२।०३।१९ | प्रकाश मोटरसाईकल सर्भिसिङ सेन्टर | ८६००० | सवारी मर्मत २ पाङग्रे |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **बढी भुक्तानी :** ६९९।२०८२।०३।१९ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३९(५) अनुसार प्रमाण कागजात, बिल तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाको वडा नं १० मा बालमैत्री कार्यक्रम सञ्चालन बापत विशेन्द्र पासवानको पेश्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी गर्दा बिल भरपाई रु. १९१५६२।०० मात्र भएको तथा पे.फ. र भुक्तानी रु. २०९०००।०० गरेको देखिएकोले बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम रु. १७४३८ सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,४३८ |

४८ **भौतिक संरचनाको प्रगति** – ठेक्का सम्झौताको विशेष अनुसार ठेकेदारले पेश गरेको समय कार्यतालिका लिई निर्माण कार्य पालिकाले समयमा सम्पन्न गराउनु पर्दछ। निर्माण कार्य समयमा सम्पन्न गर्न भौतिक तथा वित्तीय प्रगति सोही अनुपातमा बृद्धि गर्दै जानु पर्दछ। यसरी देहायका खरिद सम्झौता भएका निर्माण कार्यका लागि ती व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण उक्त निर्माण कार्य समयमा सम्पन्न हुने अवस्था देखिंदैन। तसर्थ, यस्ता कार्यको प्रभावकारिता अभिवृद्धि गरी निर्माण कार्यलाई पालिकाले सम्झौता अनुसार समयमा कार्य सम्पन्न गराउनु पर्दछ।

| **क्र.सं.** | **विवरण** | **ठेकेदारको नाम** | **सम्झौता रकम भ्याट सहित रु.** | **खर्च रु.** | **वित्तीय प्रगति %** | **भौतिक प्रगति %** | **सम्पन्न गर्नुपर्ने म्याद** |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | मचिन्द्र।राज बिल्डर्स। भवानी जे.भी. | ९७१८४०५९ | ६४५५९८४३ | ६६.४३ | ६६ | २०८२।९।९ |
| २ | १५ शैय्या अस्पताल | आशिष।आशिर्वाद।स्वामी नारायण जे.भी. | १९२००२८३० | १२०१३२९७२ | ६२.५७ | ६३ | २०८२।९।२९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **लागत अनुमान नभएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम खरिद गरे बापत रु. २००१३९५ भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार गरेको देखिएन। तसर्थ, लागत अनुमान तयार नगरी खरिद गर्नु उचित देखिएन।

| **क्र.सं.** | **भौ.नं.र मिति** | **विवरण** | **भुक्तानी रु.** |
|---|---|---|---|
| १ | ६०।०८१।१२।१५ | ल्यापटप थान ४ खरिद (कुन्ति सप्लायर्स) कोटेशन | ६२४३२५ |
| २ | १९४।०८२।३।१२ | कार्यालय सामग्री कम्प्युटर डेस्कटप तथा प्रिन्टर खरिद (इन्टरफेस आइ.टी.सोलुशन) कोटेशन | २२१४८० |
| ३ | २२६।०८२।३।१८ | नगरभित्र सडक उज्जयालो बत्ती जडान कार्य (रिसिका इन्टरप्राइजेज) सिलबन्दी | ११५५५९० |
| **जम्मा** | | | **२००१३९५** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **पेश्की बाँकी** -आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की लिने सरकारी कर्मचारी, पदाधिकारी वा संस्थाले म्यादभित्र पेश्की फर्स्यौट गर्नुपर्दछ।यस वर्ष निम्न ठेकेदार वा व्यक्तिले तोकिएको कामको लागि पेश्की लिएकोमा उक्त पेश्की रु ३८०००००० तोकिएको म्यादभित्र फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु. | अन्तिम म्याद |
|---|---|---|---|---|---|
| **म्याद नाघेको पेश्की** | | | | | |
| 1 | मचिन्द्र।राज बिल्डर्स।भवानी जे.भी. | | प्रशासकीय भवन निर्माण | ३५०००००० | २०८१।१२।६ |
| 2 | नविन दनुवार | | अवलोकन भ्रमण | ३०००००० | |
| **जम्मा** | | | | **३८००००००** | |

| | |
|---|---|
| पेश्की | ३८,००,००० |

५१ **भेरिएसन आदेश** – ठे.नं. ३१।०७८।७९, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १५ सैय्या अस्पताल निर्माण आशिष।आशिर्वाद।स्वामीनारायण जे.भी.लाई भ्याट सहित रु. १९२००२८३० को सम्झौता गरेकोमा रु. २३९४६५६१ को भेरिएसन आदेश नगर प्रमुखबाट स्वीकृत गराई सम्झौतामा उल्लेख भएको भन्दा १२.४७ प्रतिशत बढी भेरिएशन आदेश दिएको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **पि.एस.को बील** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेखिएका रकमको विल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका कार्यको पि.एस.आइटमको भुक्तानी भएको रु. १४७६१३३ देखिएकोमा उक्त कार्यको विल पेश नभएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने देखिएको रु.

| ठे.नं. | विवरण | भुक्तानीरु. | कैफियत |
|---|---|---|---|
| ३१।०७८।७९ | १५ सैय्या अस्पताल निर्माण (आशिष।आशिर्वाद।स्वामीनारायण जे.भी.) | १४७६१३३ | पि.एस.भुक्तानीको बिल पेश नभएको। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७६,१३३ |

५३ **ल्याब टेष्टको विल** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेखिएका रकमको विल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका ल्याब टेष्टका लागि भुक्तानी भएको रु. १५००० को बिल पेश नभएको हुँदा सोको सक्कल बिलको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| भौ.नं.र मिति | विवरण | ल्याब टेष्टको भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | | |
| १।०८२।३।१८ र ४।०८२।३।२४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उ.स.११ | १५००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

५४ **बढी भुक्तानी** – ठे.नं.३१।०७८।७९,सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग वा अन्य कुनै बिल वा विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने तथाआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले १५ सैय्या अस्पताल निर्माणको लागि आशिष।आशिर्वाद।

स्वामीनारायणजे.भी.सँग भ्याट सहित रु.१९२००२८३० को सम्झौता अनुसार बिभिन्न रनिङ्ग समेत गरी रु. १२०२०१८९० भुक्तानी गरेको छ। नापी किताब अनुसार रु. १२०१३२९७२ मात्र भुक्तानी गर्नुपर्नेमा रु १२०२०१८९० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ६८९१८ सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,९१८ |

५५ **बढी निकासा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग वा अन्य कुनै बिल वा विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) बमोजिम रितपुगे नपुगेको चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय अनुसार शसर्त पूँजीगततर्फ निर्माण कार्यको नापी किताब एवं कार्य सम्पन्न प्रतिवेदन अनुसार विद्यालयको निकासा हुनुपर्नेमा बढी निकासा गरेको रकम रु. १५३२२६ सम्बन्धित विद्यालयबाट फिर्ता गर्नुपर्ने देखिएको रु.

| भौ.नं.र मिति | विवरण | नापी किताब अनुसार निकासा हुनुपर्ने रु. | निकासा भएको रु. | बढी निकासा रु. |
|---|---|---|---|---|
| ६।०८२।२।१२ र १८।०८२।३। २० | श्री मसिलाल जनता मा.वि.कुशाहा | ५१५५७३० | ५२३१५४८ | ७५८१८ |
| ५।०८२।२।१२ र २०।०८२।३। २० | मा.वि.मलहनमा ८ | ५१५७३१० | ५२३४७१८ | ७७४०८ |
| **जम्मा** | | | | **१५३२२६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,२२६ |

५६ **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि हुनुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि भएको रु. ५७७१०६ को कार्य सम्पादन जमानत पेश गर्नु पर्दछ।

| ठे.नं. | योजनाको नाम | फर्म | कार्य सम्पादन जमानतको विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|
| पालिका पूँजीगत | | | | | | |
| १५। ०८०।८१ | नगरभित्र सडक उज्यालो बत्ती जडान कार्य | रिसिका इन्टरप्राइजेज | १ वर्ष १ महिना ५ दिनको घटी कार्य सम्पादन जमानतको म्याद | २०८१। ८।४ | २०८२। ९।९ | १०५४९६ |
| शसर्त चालु | | | | | | |
| १०। ०८१।८२ | औषधी खरिद | डालिमा मेडिसिल्स | ९ महिना ३ दिनको घटि कार्य सम्पादन जमानतको म्याद | २०८२। ५।१५ | २०८३। २।१८ | ४७१६१० |
| **जम्मा** | | | | | | **५७७१०६** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु. २५४२१०० पुष्टि हुने आधार पेश नभएकोले सोको प्राविधिक कार्य सम्पादन मूल्यांकन प्रतिवेदन पेश हुनुपर्दछ।

| भौ.नं.र मिति | कार्यको विवरण | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| पालिका पूँजीगत | | | |
| १६०।०८२।२।२७ | अधुरो दुर्गा मन्दिर निर्माण उ.स.८ | १३५८००० | मन्दिर निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन। |
| २३८।०८२।३।२० | मलहन विद्यालयमा सि.सि.क्यामेरा जडान ८ | ३९६००० | सि.सि.क्यामेरा जडान कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन। |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | | | |
| १।०८२।३।२३ र २८३। ०८२।३।२३ | श्री मा.वि.मलहनमा ८ मा विद्यालय शौचालय निर्माण कार्य | ७८८१०० | प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन। |
| **जम्मा** | | **२५४२१००** | |

सैद्धान्तिक बेरुजु

५८ **कार्य सम्पन्न नभएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण कार्य सम्झौताको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारका योजनाहरुको कार्य सम्पन्न गर्नुपर्नेमा बिभिन्न कारणहरु देखाई हालसम्म उक्त कार्यहरु सञ्चालनमा नरहेको, सोको म्याद थप नभएको तथालेखापरीक्षण अवधिसम्म ती योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको हुँदा उक्त कार्य ढिलो भएकोले तोकिएको समयमा सम्झौता अनुसार पालिकाले कार्य सम्पन्न गराउनु पर्दछ।

| ठे.नं. | विवरण | सम्झौता रु. भ्याट सहित | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको भुक्तानी रु. | ढिलो भएको अवधि |
|---|---|---|---|---|---|
| १०।०८०। ८१ | कृषि पोलतार खरिद तथा जडान कार्य ९ | १७५४४६६ | २०८२।१।३१ | ५३६९७६ | ३ महिना १५ दिन |
| ११।०८०। ८१ | कृषि पोलतार खरिद तथा जडान कार्य ७ र १० | १६७९३३२ | २०८२।१।३१ | ५०९०६५ | ३ महिना १५ दिन |

सैद्धान्तिक बेरुजु

५९ **फिल्ड निरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार पालिकाले योजना तर्जुमा एवं कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले प्रकृया अनुसार सम्झौता गरेको देहाय बमोजिमको योजनाको स्थलगत अनुगमन फिल्ड निरीक्षण गर्दा कार्य सम्पन्न/स्वीकार दिई सोही बमोजिम भुक्तानी गरेको पाइयो। अनुगमन गर्दा भौतिक संरचनाको काम १०० प्रतिशत नभई भौतिक रुपमा अधुरो रहेको तथा १०० प्रतिशत काम नहुँदै नापी किताब, ठेक्का बील र कार्य स्वीकार/सम्पन्न प्रतिवेदन समेत तयार गरी भुक्तानी दिएकोले भौतिक संरचना अधुरा रही अन्तिम भुक्तानी दिएको पाइयो। तसर्थ, उक्त निर्माण संरचनाको बजेट, लागत अनुमान तयारी, अनुगमन एवं कार्य सञ्चालनमा आउनेतर्फ पालिकाले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

| क्र.सं. | विवरण | भुक्तानी रु. | भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|
| १ | महुलियाको अधुरो सामूदायिक भवन निर्माण ३ | ५७५७६० | ६५ | अधुरो योजना पुनः अधुरो भई झ्याल ढोका तथा फिनिसिङ्ग लगायतको काम बाँकी रहेका। |

सैद्धान्तिक बेरुजु

६० (३१५-2082-03-24):

**वितरण भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। देहाय अनुसारको कार्यक्रममा वितरण वा हस्तान्तरण गरेको भरपाई पेश नभएको रु. १३०२३३ को भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| विवरण | रकम रु. | कैफियत |
|---|---|---|
| ह्युम पाइप खरिद तथा वितरण २ र ३ | १३०२३३ | ७ थान ह्युमपाइप वितरणको भरपाई पेश भएको पाइएन। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,२३३ |

६१ **उपभोक्ता समितिले बीमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख वा सो भन्दा बढीको लागत अनुमान भएको वा कार्य गराउँदा जनशक्ति, सामग्री तथा अन्य विवरण उल्लेख गरी बीमा गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बीमा गरेको पाइएन। अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रु. |
|---|---|---|---|
| १. | अधुरो दुर्गा मन्दिर निर्माण उ.स.८ | २५८९३८५ | २३२२५०० |
| २. | डिहिवार बाबा उ.स.९ | ३९२२९४५ | २४२७५२० |
| ३. | नगरपालिका कृषि विद्युतीकरण उ.स.५, ७, ८, ९र ११ | ६२५९४५३ | ४९३१९७५ |
| ४. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उ.स.११ | ४०७४८६५ | २७३३०८२ |
| ५. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उ.स.७ | ३९८९९५४ | ३५६६९०८ |

सैद्धान्तिक बेरुजु

६२ **जटिल संरचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका मन्दिर, कल्भर्ट निर्माण, भवन निर्माण, डिप बोरिङ्ग तथा कृषि विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ। अतः नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

| भौ.नं.र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| पालिका पूँजीगत | | | |
| १६०।०८२।२।२७ र ३१९।०८२।३।२४ | अधुरो दुर्गा मन्दिर निर्माण उ.स.८ | मन्दिर निर्माण | २३२२५०० |
| २६३।०८२।३।२३ | वडा नं. २ को सभाहल निर्माण उ.स. | हल निर्माण | १४००१०० |
| शसर्त पूँजीगत | | | |
| ३।०८२।१।३१ र २८।०८२।३।२४ | डिहिवार बाबा उ.स.९ | कल्भर्ट निर्माण | २४२७५२० |
| प्रदेश शसर्त पूँजीगत | | | |
| ३।०८२।३।२५ | माँ डिप बोरिङ्ग जडान उ.स. १, २, ३ र ४ | डिप बोरिङ्ग | ३६१६९९९ |
| ५।०८२।३।२५ | नगरपालिका कृषि विद्युतीकरण उ.स.५, ७, ८, ९र ११ | कृषि विद्युतीकरण | ४९३१९७५ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | | |
| १।०८२।३।१८ र ४।०८२।३।२४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उ.स.११ | भवन निर्माण | २७३३०८२ |
| ६।०८२।३।२४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उ.स.७ | भवन निर्माण | ३५६६९०८ |

सैद्धान्तिक बेरुजु

६३ **अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय अनुसार कार्य सम्पादनको आधारमा भुक्तानी दिएको हुँदा सम्झौतामा उल्लेख भएको भन्दा घटी अनुपातिक कट्टी गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको घटी श्रमदान बापतको रु. ४१३२ सम्बन्धितबाट असूल गर्नुपर्ने देखिएको रु.

| भौ.नं. र मिति | विवरण | सम्झौता रु. | कार्य सम्पादन रु. | भुक्तानी हुनुपर्ने रु. | भुक्तानी भएको रु. | असूल हुनुपर्ने घटी श्रमदान रु. |
|---|---|---|---|---|---|---|
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | | | | | | |
| १।०८२।३।२३ र २८३।०८२।३।२३ | मा.वि.मलहनमा ८ | ७८३९६८ | ८२९५९६ | ७८३९६८ | ७८८१०० | ४१३२ |

| असुल गर्नुपर्ने | ४,१३२ |
|---|---|

६४ **बिज्ञापन बोर्ड** - बिज्ञापन बोर्ड ऐन, २०७६ को दफा १४ तथा दफा २१ तथा बिज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क बमोजिम सरकारी विज्ञापनमा रकम भुक्तानी गर्दा विल रकमको ३ % रकम कट्टी गरी भुक्तानी गर्नुपर्ने र सो रकम बिज्ञापन बोर्डको कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारका विज्ञापन कर कट्टी गरेको देखिएन। अतः उक्त ३ % कर रकम कट्टी गरी जम्मा रु. १४९२८ बिज्ञापन बोर्डको कार्यालयको एभरेष्ट बैक लि.हि.नं.००१२०१०५२०००३७ मा पठाउनुपर्ने देखिएको रु.

| भौ.नं. र मिति | विवरण | बिल रु. | ३ % ले कट्टी गर्नुपर्ने रु. | कैफियत |
|---|---|---|---|---|
| पालिका पूँजीगत | | | | |
| १३५।०८२।२।९ | पर्फेक्ट एड एण्ड मल्टिपर्पोज प्रा.लि. | ४७४६० | १२६० | |
| २१०।०८२।३।१७ | पानस मिडिया सर्भिस | ५०००० | १३२७ | |
| २४४।०८२।३।२१ | क्रियटिभ मिडिया प्रिन्ट प्रा.लि. | ४५५६२ | १२०९ | |
| २४५।०८२।३।२१ | इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | ४७४६० | १२६० | |
| शसर्त पूँजीगत | | | | |
| १४।०८२।३।१७ | सपोर्ट मिडिया प्रा.लि. | ४२००० | १११५ | |
| १४।०८२।३।१७ | सपोर्ट मिडिया प्रा.लि. | ६६४४५ | १७६४ | |
| २१।०८२।३।२१ | इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | ७११९० | १८९० | |
| २२।०८२।३।२१ | इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | १२१०२३ | ३२१३ | |
| २६।०८२।३।२४ | इम्प्रेसन पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | ७११९० | १८९० | |
| **जम्मा** | | | **१४९२८** | |

| असुल गर्नुपर्ने | १४,९२८ |
|---|---|

६५ **औषधि खरिद** – SQ१०।०८१।८२, भौ.नं.१४५।०८२।२।८, शसर्त चालु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई आधारभूत स्वास्थ्य व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसै गरी भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त चालुबाट औषधि रु. ७२५७२० भुक्तानी दिएको छ। पालिकाले औषधि खरिद गर्दा म्याद सकिने मिति र उत्पादन मिति बीलमा उल्लेख गरेको देखिएन, सम्झौता भन्दा १८ दिन ढिलो गरी दाखिला गरेको छ, पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन भने आपूर्ति हुने औषधिमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६६ **राजश्व दहत्तर बहत्तर** - ठे.नं. ३।०८१।८२, पालिकाले राजश्व दहत्तर बहत्तरठेक्काको लागि (बलान, चहका तथा सिसुवारी खोला) मिति २०८१।५।१६ मा सूचना प्रकाशन गरी शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवासँग मिति २०८१।८।४ मा भ्याट सहित रु. १९८६२८६३.७२ सम्झौता गरेकोमा देहाय अनुसार बेहोरा रहेका छनः

१. पालिकाले मिति २०८१।७।१२ मा पत्राचार गरी १५ दिनभित्र सम्झौता गर्न कार्यादेश दिएकोमा ७ दिन ढिला गरी सम्झौता भएको,

२. बिक्री वा निकासी रसिद प्रमाणित राखेको पाइएन,

३. कति रसिद खर्च भई बाँकी रहेको भन्ने विवरण यकीन गरी पेश गरेको पाइएन,

४. उक्त ३ वटा खोला ३६५ दिन सञ्चालन हुनुपर्नेमा १५५ दिन बन्द रहेको छ र

५. सम्झौता अनुसार प्रति घनफिट ४.२५ को दरले तीनवटा खोलाबाट उठेको २१५६५६५ घनफिटको भ्याट सहित रु. १०३५६९०३.३४ मात्र असूल गर्नुपर्नेमा पालिकाले भ्याट सहित रु. १९८६२८६३.७२ असूल गरेको हुँदा सम्झौता भन्दा बढी रु. ९५०५९६०.३८ असूल गरेको छ।

सैद्धान्तिक बेरुजु

६७ **अनुपातिक फिर्ता** - भौ.नं. २२१।०८२।३।१८, १६।०८१।३।१३, समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ६ मा नेपाल सरकारले समपुरक अनुदान प्रदान गर्ने र लागत साझेदारीका आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं. ७ मा सडक कालोपत्रेका लागि पवन एण्ड जीवन निर्माण सेवासँग सम्झौता अनुसार समपुरक कोषबाट भुक्तानी गर्नेगरी ५०।५० प्रतिशतले संघ र पालिकाको अनुपातिक भुक्तानी हुनुपर्ने गरी रु. २५००००० भुक्तानी मध्ये ५० प्रतिशतको दरले रु. १२५०००० पालिकाबाट भुक्तानी हुनुपर्नेमा सबै रकम संघबाट भुक्तानी गरेकोले उक्त समपुरक कोषको सम्झौता वा शर्त अनुसारको ५० प्रतिशत रकम रु. १२५०००० पालिकाले संघमा फिर्ता गर्नुपर्ने देखिएको रु.

| प्रमाण पेश नगरेको | १२,५०,००० |
|---|---|

६८ (२५७-2082-03-23):

**जिन्सी दाखिला नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१(१) बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न बमोजिमको खर्च लेख्दा सफ्टवेयर प्रणालीमा दाखिला सहितको विवरण राखेको पाइएन। अतः उक्त खर्चको स्पष्ट स्पेशिफिकेशन सहितको रु. ३९२७६० को सफ्टवेयर प्रणालीमा दाखिला भएको विवरण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| विवरण | रकम रु. |
|---|---|
| मुसहरनिया दहको डि.पी.आर.(प्रनिश डिजाइन एण्ड बिल्ट प्रा.लि.) | ३९२७६० |

| प्रमाण पेश नगरेको | ३,९२,७६० |
|---|---|

६९ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले आर्थिक बर्ष २०८१।८२ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका सामग्रीलाई पाम्समा स्पेशिफिकेशन सहित रु. २६०१०८२ को जिन्सी दाखिला गरेको पाइएन। अतः कार्यालयले जिन्सी दाखिला गर्दा बील बमोजिम पूर्ण रुपमा पाम्समा स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नुपर्दछ।

| भौ.नं. र मिति | विवरण | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| ६०।०८१।१२।१५ | ल्यापटप खरिद थान ४ | ६२४३२५ | कुन्ति सप्लायर्स |
| १६६।०८२।२।२९ | वडा नं. ६ को लागि ब्याट्री समेत खरिद | २७०००० | एस.पी.ट्रेडर्स एण्ड सप्लायर्स |
| १७५।०८२।२।३० | कार्यालय सामग्री ब्याट्री तथा इन्भर्टर समेत खरिद | २३५२७७ | टि.एन.इन्टरनेशनल प्रा.लि. |
| १९४।०८२।३।१२ | कार्यालय सामग्री कम्प्युटर डेस्कटप तथा प्रिन्टर खरिद | २२१४८० | इन्टरफेस आइ.टी.सोलुशन |
| २५२।०८२।३।२२ | ट्रेक्टर थान १ खरिद | १२५०००० | राजेश सप्लायर्स एण्ड ट्रेडर्स |
| **जम्मा** | | **२६०१०८२** | |

सैद्धान्तिक बेरुजु

७० (१०४-2082-01-21):

**मोटरसाइकल खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी सामग्री खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने तथा सोही नियमावलीको नियम ३९(८) बमोजिम रित पुगे नपुगेको चेकजाँच गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी संजिव श्रवण अटो सेन्टरबाट

मोटरसाइकल थान १ रु. ४१२९०० मा खरिद गर्दा लागत अनुमान तयार नगरेको, BOQ तथा बील अनुसार स्पेशिफिकेशन नखुलाईकन दाखिला गरेको, प्राविधिक चेकजाँचको प्रतिवेदन समेतका विवरण पेश नभएको पाइयो।तसर्थ उक्त विवरण संलग्न गरेर मात्र भुक्तानी गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७१ **सामग्री खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी सामग्री खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने तथा सोही नियमावलीको नियम ३९(८) मा रितपुगे नपुगेको चेकजाँच गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी कार्यालयले देहाय अनुसार रु. ८५४८४५ मा खरिद गर्दा लागत अनुमान तयार नगरेको, BOQ तथा बील अनुसार स्पेशिफिकेशन नखुलाईकन दाखिला गरेको, BOQ र बील अनुसार सामग्री नरहेको, प्राविधिक चेकजाँचको प्रतिवेदन तथा वारेण्टी कार्ड लगायतका विवरण पेश नभएकोले उक्त विवरण संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ।

| **भौ.नं.र मिति** | **विवरण** | **भुक्तानी पाउने** | **भुक्तानी रु.** |
|---|---|---|---|
| ६०।०८१।१२।१५ | ल्यापटप थान ४ खरिद | कुन्ति सप्लायर्स | ६२४३२५ |
| १५६।०८२।२।२७ | MFS-500 Bio Metric Finger Scanner Device १२ थान | मन्त्र टेक | २३०५२० |
| **जम्मा** | | | **८५४८४५** |

सैद्धान्तिक बेरुजु

७२ **कन्टिन्जेन्सी खर्च** - यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतसम्मका दरले कन्टिन्जेन्सी कट्टा गरी बिभिन्न शीर्षकमा रु. १०९१२७६ खर्च गरेको छ। योजनाको लगत तथा कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कन्टिन्जेन्सी कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन। आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो। तसर्थ, अनावश्यक कन्टिन्जेन्सी खर्च नियन्त्रण गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७३ **शिक्षा तर्फ**

७३.१ **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था भएको हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। पालिका अन्तर्गतका विद्यालयमा २१५ दरवन्दी रही २०१ जना कार्यरत रहेको र १३ जना रिक्त रहेको देखिन्छ।तसर्थ दरवन्दी वमोजिमका शिक्षकहरुको पदपूर्ति गरी पठनपाठन व्यवस्थित गर्नु पर्दछ। शिक्षा नियमावली २०५९ को नियम ७७ अनुसार तराई क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात ५० हुनुपर्नेमा १३ देखि ६५ र पालिकाको औसत ४२ जना रहेको देखिन्छ।

| क्र सं | विद्यालयको नाम | दरवन्दी संख्या | कार्यरत संख्या | कार्यरत मध्ये | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | रिक्त |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | राहत | करार | | | |
| १ | जनता आ वि नैनडावर | १० | १० | ६ | ४ | ० | १६३ | १६ | |
| २ | जनता मा वि शिशुवारी | १९ | १६ | १४ | २ | ० | ५४० | २८ | ३ |
| ३ | जनता आ वि शिवनगर | ४ | ४ | २ | ० | २ | ११२ | २८ | |
| ४ | राष्ट्रिय आ वि चहका कोरैया | ४ | ३ | १ | ० | २ | २२६ | ५६ | १ |
| ५ | राष्ट्रिय आ वि रक्साहा | ५ | ५ | ५ | ० | ० | ८६ | १७ | |
| ६ | राष्ट्रिय आ वि वाउन्ना | ४ | ४ | १ | १ | २ | ५४ | १३ | |
| ७ | जनता आ वि कमलपुर | ५ | ५ | ३ | २ | ० | १७७ | ३५ | |
| ८ | जनता मा वि भेडिया | ८ | ७ | ३ | ४ | ० | ४९८ | ६२ | १ |
| ९ | जनमुखी सामुदायिक आ वि हर्दिया | १ | १ | १ | ० | ० | ८९ | ८९ | |
| १० | जनप्रभात मा वि दौलतपुर | १८ | १८ | ९ | ९ | ० | ७७७ | ४३ | |
| ११ | राष्ट्रिय आ वि भुसी महुलिया | ६ | ६ | ३ | ३ | ० | १५४ | २५ | |
| १२ | राष्ट्रिय आ वि कनकपुर | ५ | ५ | ४ | १ | ० | २३१ | ४६ | |
| १३ | आदर्श राष्ट्रिय आ वि मधुपट्टी | ३ | ३ | १ | २ | ० | १०८ | ३६ | |
| १४ | जनता आ वि वीरनगर | ९ | ९ | ७ | २ | ० | २०० | २२ | |
| १५ | राष्ट्रिय आ वि कदमाहा | ५ | ५ | ३ | २ | ० | १५३ | ३० | |
| १६ | मसिलाल जनता मा वि कुशहा | २७ | २० | १२ | ५ | ३ | १२१५ | ४५ | ७ |
| १७ | राष्ट्रिय जनता आ वि वनिगामा | ५ | ५ | ३ | २ | ० | १३१ | २६ | |
| १८ | जनता राष्ट्रिय आ वि शिवपुर जव्दी | ६ | ६ | ५ | १ | ० | १६४ | २७ | |
| १९ | राष्ट्रिय आ वि चकदह मोहनपुर | ४ | ४ | ३ | १ | ० | २३६ | ५९ | |
| २० | दलित जनता आ वि पोखरिया | २ | २ | १ | १ | ० | ८७ | ४३ | |
| २१ | राष्ट्रिय आ वि हरिपुर | २ | २ | १ | १ | ० | १३१ | ६५ | |
| २२ | राष्ट्रिय आ वि पोखरिया | ४ | ४ | ४ | ० | ० | १९७ | ४९ | |
| २३ | राष्ट्रिय आ वि महुलिया | ४ | ३ | १ | १ | १ | १५१ | ३८ | |
| २४ | मा वि मलहनमा | ८ | ८ | ५ | ३ | ० | ३७९ | ४७ | |
| २५ | मुसहरनिया आ वि समसेरपुर | ४ | ४ | ४ | ० | ० | १७२ | ४३ | |
| २६ | जनता आ वि प्रमाणपुर | ४ | ४ | ४ | ० | ० | २५६ | ६४ | |
| २७ | केशव स्मारक जनता मा वि टिकुलिया | २० | २० | १० | ६ | ४ | ११४० | ५७ | |
| २८ | जनता राष्ट्रिय आ वि सिस्वा थल्हा | ४ | ३ | २ | १ | ० | २०६ | ५२ | १ |
| २९ | जनता राष्ट्रिय आ वि औराहा | ४ | ४ | २ | २ | ० | १०९ | २७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३० | जनता मा वि खैजनपुर | ८ | ८ | ४ | ४ | ० | ३४८ | ४४ | |
| ३१ | जनता आ वि रामपुर | ३ | ३ | २ | १ | ० | ९३ | ३१ | |
| | जम्मा | २१५ | २०१ | १२६ | ६१ | १४ | ८५८३ | ४२ | १३ |

सैद्धान्तिक बेरुजु

७३.२ **पाठ्यपुस्तक निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ मा पालिकाले पुस्तक वापतको रकम निकासा गर्दा विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा इमिस डाटामा सत्यापन गरेर मात्र दिनु पर्दछ।नमूना छनौट गरी परीक्षण गर्दा देहायका विद्यालयहरुको पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा केहिमा इमिस डाटामा सत्यापन नगराएको, केहीमा भरपाइ भन्दा वढी भुक्तानी दिएको, केहिमा विल भन्दा वढी भुक्तानी भएको देखिएकोले उक्त फरक परी भुक्तानी भएको रकम रु ७५३५८ सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु.

| विद्यालयको नाम | विवरण | सेट संख्या | दर | निकासा रकम |
|---|---|---|---|---|
| माध्यमिक विद्यालय, मलहनमा | इमिस भन्दा विल भरपाइ वढी देखिएको | २ | ७०७।३० | १४१४ |
| कक्षा ६ | | | | |
| कक्षा ७ | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ४ | ७४८ | २९९२ |
| | | | जम्मा | ४४०६ |
| जनता मा वि, भेडिया | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ३ | ५९५।२० | १७८५ |
| कक्षा ४ | | | | |
| कक्षा ८ | इमिस तथा विल संख्या भन्दा भरपाइ कम देखिएको | १३ | ८८२।२० | ११४६८ |
| कक्षा ९ | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ४ | ७७० | ३०८० |
| | | | जम्मा | १६३३३ |
| जनता मा वि, खैजनपुर, भजक्का | इमिस भन्दा विल भरपाइ वढी देखिएको | २ | ५८०।८० | ११६१ |
| कक्षा ३ | | | | |
| कक्षा ४ | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ३ | ५९६।२० | १७८८ |
| कक्षा ५ | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ३ | ६३३।६० | १९०० |
| कक्षा ९ | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ४ | ७७० | ३०८० |
| | | | जम्मा | ७९२९ |
| रा आ वि, कनकपुर | इमिस भन्दा विल भरपाइ वढी देखिएको | ६ | ५५६।८० | ३३४० |
| कक्षा २ | | | | |
| | | | जम्मा | ३३४० |
| जनता आधारभूत विद्यालय, प्रमाणपुर | इमिस भन्दा वढी विल भरपाइ देखिएको | ५ | ५५६।८० | २७८४ |
| कक्षा २ | | | | |
| कक्षा ३ | भरपाइ भन्दा वढी खर्च लेखेको | ३ | ५८०।८० | १७४२ |
| कक्षा ५ | इमिस भन्दा विल वढी तथा भरपाइ कम देखिएको | ३ | ६३३।६० | १९०० |
| | | | जम्मा | ६४२६ |
| जनता आ वि, कमलपुर | भरपाइ भन्दा विल वढी रहेको | ६ | ५२०।८० | ३१२४ |
| कक्षा १ | | | | |
| कक्षा २ | भरपाइ संख्या भन्दा विल संख्या वढी रहेको | ३ | ५५६।८० | १६७० |
| कक्षा ४ | भरपाइ संख्या ५ र विल संख्या १३ रहेको | ८ | ५९६।२० | ४७६९ |
| कक्षा ५ | भरपाइ संख्या १० र विल संख्या १९ रहेको | ९ | ६३३।६० | ५७०२ |
| कक्षा ६ | इमिस भन्दा विल १० वढी रहेको | १० | ७०७।२० | ७०७२ |
| | | | जम्मा | २२३३७ |

| | | | | |
|---|---|---|---|---|
| मशिलाल जनता मा वि, कुशवाह | इमिस संख्या भन्दा विल भरपाइ वढी रहेको | ९ | ५२०।८० | ४६८७ |
| कक्षा २ | | | | |
| कक्षा ४ | इमिस भन्दा विल भरपाइ वढी रहेको | ८ | ५९६।२० | ४७६९ |
| | | | जम्मा | ९४५६ |
| जनता आधारभूत विद्यालय, रामपुर | विल भन्दा भरपाइ कम रहेको | ४ | ५५६।८० | २२२७ |
| कक्षा २ | | | | |
| कक्षा ३ | भरपाइ भन्दा विल वढी रहेको | ५ | ५८०।८० | २९०४ |
| | | | जम्मा | ५१३१ |
| | | | कूल जम्मा | ७५३५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,३५८ |

७३.३ **प्रति विद्यार्थी लागतः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ।विद्यालयवाट भरिएको इमिस प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा वाल विकास कक्षालाई प्रति विद्यार्थी वार्षिक रु ५००, शिक्षण सिकाइ सामाग्री ,डिजिटल सिकाइ सामाग्री तथा वुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु १५० का दरले, शिक्षण सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागि कक्षा ६-८ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु २०० का दरले , कक्षा ९-१० सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु २०० का दरले र कक्षा ११-१२ का विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु २५० का दरले अनुदान दिनु पर्दछ।देहायका विद्यालयले इमिसमा रहेको विद्यार्थी संख्या भन्दा वढी संख्यालाई प्रति विद्यार्थी लागत अनुदान निकासा दिएको देखिएकोले वढी निकासा दिएको रकम रु ३७००० सम्वन्धित विद्यालयवाट असुल गरी दाखिला गर्नु पर्ने रु.

| विद्यालयको नाम | कक्षा | इमिस संख्या | निकासा संख्या | वढी संख्या | वढी निकासा |
|---|---|---|---|---|---|
| राष्ट्रिय आ वि पोखरिया | ECD | ५२ | ५५ | ३ | १५०० |
| केशव स्मारक जनता मा वि टिकुलिया | ECD | ३८ | ४० | २ | १००० |
| दलित जनता आ वि पोखरिया | ECD | १८ | २५ | ७ | ३५०० |
| जनता राष्ट्रिय आ वि औराहा | ECD | १५ | ३६ | २१ | १०५०० |
| मासिला जनता मा वि कुशाहा | ECD | ३७ | ४३ | ६ | ३००० |
| राष्ट्रिय आ वि महुलिया | ECD | ४८ | ५८ | १० | ५००० |
| जनता स्मारक मा वि टिकुलिया | ६-८ | ३५७ | ३६२ | ५ | १००० |
| जनता मा वि दौलतपुर | ११-१२ | ७२ | ११८ | ४६ | ११५०० |
| | | | | जम्मा | ३७००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,००० |

७३.४ **निकासा अभिलेख खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार

कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तरगत पालिकाका ६ वडामा १० योजना संचालन गरी यस वर्ष सूचिकृत ९३७ मध्ये ७१ जनालाई औषत ८४ दिनले ५९५९ दिन रोजगारी उपलव्ध गराई प्रति दिन रु ६६८ का दरले रु ३९८०६१२ श्रमिक ज्याला खर्च गरेको छ।योजना संचालन भएका क्षेत्रहरुमा वडा नं ३ मा लक्ष्मीपुर यादव टोलदेखि उत्तर दौलतपुर कडहर्वा सम्मको वाटो मरमत तथा निर्माण गर्ने कार्य र चहका नदीको दौलतपुर कुलो मरमत तथा निर्माण कार्य, वडा नं ४ मा कदमाहाको वाटो मर्मत, वीरनगरको वाटो मरमत, साविक गा वि स मधुपटी २ डिहवार थान पोखरीको माटो झिकी पोखरीको डिलमा थपी पश्चिम तर्फको खाल्डोमा माटो पुर्ने काम, वडा नं ५ मा कुशहा वजारको पूर्वतिर जाने ढलान वाटोको उत्तरतिर जाने कच्ची वाटो स्तरोन्नति, वडा नं ७ को चकदह टोलको कृषि सडकमा माटो पुर्ने कार्य, वडा नं ८ को मुसहरनिया दहदेखि मा वि मलहनमा सम्मको सडक मर्मत कार्य, वडा नं ११ को गणेशको घरदेखि पैनिको मरमत हुदै विहुल खोलासम्म निर्माण कार्य र महेशपुर गोष्ठदेखि डिहवार थान सडकमा माटो पुर्ने कार्य रहेका छन। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी छनौट गरी कार्यान्वयन गर्नु पर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृजना भएको देखिदैन।योजना अनुगमन प्रतिवेदनमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत, उपप्रमुख, कार्यपालिका सदस्य, ईन्जिनियर ,लेखा अधिकृत, रोजगार संयोजक,प्राविधिक सहायक, रोजगार सहायक लगायतका पदाधिकारीहरुको हस्ताक्षर भएको तर योजनाको स्थिति तथा अवस्था सम्वन्धमा अधिकांश कार्य सम्पन्न भएको र गुणस्तर सन्तोषजनक रहेको उल्लेख गरेको छ।

सैद्धान्तिक बेरुजु

७५ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, वालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलव्ध गराउने कार्यक्रमवाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनको समेत स्रोत साधनको संलग्नतामा संचालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट समेत तर्जुमा भएको देखिन्छ।सोहि वमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष रु १९०३९५६ खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम पालिकाको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ

| भौ नं मिति | अनुदानको किसिम | विवरण | रकम |
|---|---|---|---|
| 2।२०८१।८।०२ | उन्नत जातको गहुँको विउ वितरण | ५० प्रतिशत अनुदान | ८९२५०० |
| ७।२०८१।११।०१ | प्याजको वीउ वितरण | ५० प्रतिशत अनुदान | ९०६९५ |
| १७।२०८२।०१।२१ | तरकारी बिउको मिनिकिट वितरण | पूरै अनुदान | २८७९३५ |
| ४।२०८१।११।१९ | पशु औषधी | | ४८७३२६ |
| १९।२०८२।०३।२५ | माछाको भुरा वितरण | ५० प्रतिशत अनुदान | १४५५०० |
| | जम्मा रकम | | १९०३९५६ |

उपरोक्त बमोजिम गहुँको बिउ, तरकारीको बिउ वितरण, पशु आषौधी तथा माछाको भुरा वितरण गर्दा कृषक तथा कृषक समूहलाई वितरण भएको देखिने फोटो सहितको प्रमाण कागजात पेश गरी उक्त अनुदान वितरणवाट कृषक तथा कृषक समूहहरुको उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भइ जीवनस्तरमा के कस्तो सुधार भयो सोको प्रभावकारी अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७६ **बढी भुक्तानी** (४१-2082-03-12):

**बढी भुक्तानी** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम कुनै पनि कार्यक्रमको खर्च रकम भक्तानी गर्दा खर्च प्रमाणित हुने बिल बीजक संलग्र गरेर भुक्तानी गर्नुपर्दछ। पालिकाले गौ.भौ नं/मिति ४१।२०८२।०३।१२ बाट मनोसामाजिक परामर्श तथा मनोविमर्श कार्यक्रम संचालन गर्न नेपाल आदिवासी जनजाती महासंघलाई रु. १,९१,११०।०० भुक्तानी गरेकोमा रु. १,७३,३३४।०० को मात्र बिल, भर्पाइ र प्रमाण पेश भएकोले बढि भुक्तानी भएको रु. १७,७७६ सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु. १७,७७६

| असुल गर्नुपर्ने | १७,७७६ |
|---|---|

७७ **परामर्श तथा डी.पी.आर.खर्च** – यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रु.** | **खर्च रु.** | **कैफियत** |
|---|---|---|---|---|
| मुसहरनिया दहको डि.पि.आर. | प्रनिश डिजाइन एण्ड बिल्ट प्रा.लि. | ३९२७६० | ३९२७६० | कार्यान्वयन अवस्थामा छैन |

परामर्श तथा डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आफ्नै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। यस्ता डि.पि.आर.को लागत अनुमानको यकीन आधार नभएको, जिन्सी दाखिला नभएको, कार्यान्वयन अवस्थामा नगएको र बजेटको आधारमा खर्च गरेकोले यसको उपयोगिता एवं प्रभावकारिता देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **मूल्य अभिवृद्धि कर दाखिला नभएकोः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५ मा नेपाल भित्र आपूर्ति हुने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र आन्तरिक आयको ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर सहितको रकममा सम्झौता गरी ठेक्का लगाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा देहायका माछा पोखरीको आय ठेक्का वापत रु ७३७७०१।०० आम्दानी गरी दाखिला गरेको देखिन्छ।सो को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर वापतको रकम रु ८४८६८।०० संघीय सरकारको खातामा दाखिला गरेको नदेखिएकोले नियमानुसार संघीय सरकारको खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| पोखरीको नाम | सम्झौता गर्ने व्यक्ति वा फर्मको नाम | सम्झौता अवधि | कवोल रकम | असुली रकम | मू अ कर रकम |
|---|---|---|---|---|---|
| प्रमाणपुर पोखरी | वली सदा | ०८०।८१-८२।८३ | ६५००० | ६७१६७ | ७७२७ |
| रामपुर दह | नुनु कुमार चौधरी | ०८१।८२ ०८३।८४ | २००१०५ | १५००८४ | १७२६६ |
| वकुल्वा दह | रीत कुमारी साह | ०८१।८२ ०८३।८४ | ५०५०० | ५०५०० | ५८०९ |
| कदमाहा नासके पोखरी | वली सदा | ०८१।८२ ०८३।८४ | ५७५०० | ४३१२५ | ४९६१ |
| श्रीपुर कुसहा जव्दी पोखरी | राम कुमार पासवान | ०८१।८२ ०८३।८४ | ६५५०० | ४९१२५ | ५६५१ |
| तेदहरी पोखरी | | ०८१।८२ ०८३।८४ | १३५१०० | १३५१०० | १५५४२ |
| तेदहरी र पिप्राको विचमा पर्ने पोखरी | | ०८१।८२ ०८३।८४ | २११०० | २११०० | २४२७ |
| भदै सवार पोखरी | गंगा प्रसाद मुखिया | ०८१।८२ ०८३।८४ | १०४००० | ५२००० | ५९८२ |
| टरिया पोखरी | संगिता कुमारी चौधरी | ०८१।८२ ०८३।८४ | ४११००० | १३७००० | १५७६१ |
| रामटोल पोखरी | संगिता कुमारी चौधरी | ०८१।८२ ०८३।८४ | ९७०९१ | ३२५०० | ३७३९ |
| | | | जम्मा | ७३७७०१ | ८४८६८ |

| प्रमाण पेश नगरेको | ८४,८६८ |
|---|---|

७९ **हाटवजार ठेक्काः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ को खण्ड ग अनुसार हाटवजारको ठेक्का वन्दोवस्त गरी सेवा शुल्क उठाउन सक्ने व्यवस्था रहेको छ।सो अनुसार पालिकाले प्रथम र दोस्रो पटक सूचना प्रकाशन गरेकोमा कुनै पनि दरभाउपत्र नपरी तेस्रो पटक २०८१।३।१४ मा पालिकाको वेभसाइट तथा वडाका सवै कार्यालयहरुमा १२ वटा हाट वजारको लागि दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा ४ वटाले मात्र दरभाउपत्र पेश गरी ठेक्का लागेको छ। जसमा देहायका हाट वजार ठेक्कावाट संझौता अनुसारको रकम मू अ कर सहित दाखिला भएको तर मू अ कर वापतको रकम रु ५७६२० आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको नदेखिएकोले मू अ कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का नं | हाटवजार | सम्झौता रकम भ्याट समेत | दाखिला रकम भ्याट समेत | मू अ कर रकम |
|---|---|---|---|---|
| ०८ | वसानपट्टीमा लाग्ने हाट वडा नं ७ | ६४४१० | ६४४१० | ७४१० |
| ०६ | कुसहामा लाग्ने हाट वडा नं ५ | २६०४६५ | २६०४६५ | २९९६९ |
| ०२ | भेडिया हर्दियामा लाग्ने हाट वडा नं २ | ६२३७६ | ६२३७६ | ७१७६ |
| ०९ | धातिमा लाग्ने हाट वडा नं ८ | ११३५६५ | ११३५६५ | १३०६५ |
| | जम्मा | | | ५७६२० |

| प्रमाण पेश नगरेको | ५७,६२० |
|---|---|

८० **सामाजिक सुरक्षा भत्ता**

८०.१ **सामाजिक सुरक्षा भत्ता वितरण :**सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरणा गर्दा सामाजिक सुरक्षा ऐन,२०७५ सामाजिक सुरक्षा नियामावली,२०७६ विधुतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति,२०७४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष जम्मा निकासा

रु.२१२४८९००० मध्ये रु.२१२२४६३९२ खर्च भएको छ। मृत्यु भइ लगत कट्टा भएका लाभग्राहीहरुबाट रु.१९३०००४ एन एम बि बैंक लि. बाट फिर्ता गरेको र पालिकाले बैकबाट फिर्ता भएको रकम संघीय संचित कोषमा दाखिला गरेको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.२ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७को बुदाँ ११(१) मा पालिकाले अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट हटाई मुल अभिलेखकमा जनाउनु पर्ने व्यवस्था छ। बुदाँ ११(२)मा लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा हकवालाले ३५दिन भित्र दर्ता गराउनु पर्ने र विवरण अध्यावधिक गरी लगत कट्टा गराउनुपर्ने र लाभग्राहीले लगत कट्टा नगरेमा पालिकाका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गरी पालिकालाई जानकारी गराई अध्यावधिक गर्नुपर्नेमा गरेको छैन। पालिकाले वडाका पदाधिकारीलाई परिचालन गरी कार्यविधिको पालना गरी बैँकमा गएर डम्पिङ्ग हुन सक्ने अवस्थालाई सुधार गर्नुपर्नेमा सो गरेको छैन।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.३ **डोरमेन्ट खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ २३(५)मा खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक वर्षको श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अधावधिक गर्नु पर्दछ। यस वर्ष विभिन्न खाता रिजेक्ट भएकाले पालिकाले निष्कृय खाताको विवरण माग गरी खाता अधावधिक गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **कर कट्टी दाखिला गर्नुपर्ने** -आयकर ऐन, २०५८ को परिच्छेद १७ मा बिल विजकको भुक्तानीमा १.५ प्रतिशतको दरले अग्रिम कर,मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशतका दरले मूल्य अभिवृद्धि कर तथा सामाजिक सुरक्षा कर बापत १ प्रतिशतको दरले कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको तर दाखिला गर्न बाँकी कर रु.९८९८१५ दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौ.नं.र मिति | विवरण | कर रु. | कैफियत |
|---|---|---|---|
| बिभिन्न | सा.सु. कर | १६०१ | पूँजीगत खर्च खाताको दायित्व बाँकीको विवरण अनुसार |
| बिभिन्न | अग्रिम आय कर | २८८७१८ | |
| बिभिन्न | मूल्य अभिवृद्धि कर | ६९९४९६ | |
| **जम्मा** | | **९८९८१५** | |

| प्रमाण पेश नगरेको | ९,८९,८१५ |
|---|---|

# अनुगमन लेखापरीक्षण

८२ अद्यावधिक वेरुजु

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ ।पालिकाले २०८०।८१ सम्मको

बाँकी बेरुजु रु १६०१३९७०० देखिएकोमा फस्र्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस सुरुङ्गा नगरपालिका, सप्तरी को २०८१।८२ सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १६०१३९७०० | ० | १०२२०१०६ | ० | १७०३५९८०६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुरुङ्गा नगरपालिका, सप्तरी , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुनिल कुमार पासमान | २०८१-६-१० | २०८१-१२-२६ |
| कार्यालय प्रमुख | गोरखनाथ मिश्र | २०८१-१२-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | sitaram karki | २०७६-९-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५५५,१५२ | १३८,७१३ | ५,७२६,२४१ | ० | ० | ३,८००,००० |
| | | | | **जम्मा बेरुजु रकम** | १०,२२०,१०६ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ११,३७९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९८०९१६०७.५८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१६२६१३५५ | **चालु खर्च** | ४०३२९६६७८.७६ |
| **प्रदेश सरकारबाट अनुदान** | १८१५१४६२ | **पूँजीगत खर्च** | १७७३८३५५९ |
| **राजश्व बाँडफाँट** | १३०२७४८१९.०२ | **वित्तीय/अन्य व्यवस्था** | ३४७२३६८९९.२७ |
| **आन्तरिक आय** | ३११२८२३७.४७ | | |
| **अन्य आय** | ३१४४०८५२५.०२ | | |
| **कुल आय** | ९१०२२४३९८.५१ | **कुल खर्च** | ९२७९१७१३७.०३ |
| **बाँकी मौज्दात** | | ८०३९८८६९.०६ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | कन्टिन्जेन्सी खर्च | कन्टिन्जेन्सी खर्च |
| २ | कृषि तथा पशुपन्छी | कृषि तथा पशुपन्छी |
| ३ | तालिम वा कार्यक्रम खर्चमा भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने | तालिम वा कार्यक्रम खर्चमा भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने |
| ४ | खरिद ब्यवस्थापन ( खरिद सम्झौताका सर्तहरु, खरिद सम्झौता संशोधन, भेरियसन आदेश, मूल्य समायोजन, सम्झौताको अबधि थप, पूर्वनिर्धारित क्षतिपूर्ती, मोविलाइजेशन पेश्की सम्झौताको अन्त्य ) | खरिद सम्झौता ( खरिद सम्झौताका सर्तहरु, खरिद सम्झौता संशोधन, भेरियसन आदेश, मूल्य समायोजन, सम्झौताको अबधि थप, पूर्वनिर्धारित क्षतिपूर्ती, मोविलाइजेशन पेश्की सम्झौताको अन्त्य ) |
| ५ | धरौटी र अन्य कारोवारको हिसाव यथार्थपरक नहुन सक्ने | धरौटी र अन्य कारोवारको हिसाव यथार्थपरक नहुन सक्ने |
| ६ | संघ र प्रदेशको अन्तरसरकारी वित्त हस्तान्तरण | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान |
| ७ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्था बाट खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद |
| ८ | अनुदान र आर्थिक सहायता | अनुदान र आर्थिक सहायता |
| ९ | स्वास्थ्य | स्वास्थ्य |
| १० | सार्वजनिक सम्पत्ति, जिन्सी मालसामान, सवारी साधन तथा हेभि उपकरणको संरक्षण र उपयोग | सार्वजनिक सम्पत्ति, जिन्सी मालसामान, सवारी साधन तथा हेभि उपकरणको संरक्षण र उपयोग |
| ११ | चालु खर्च ( कार्यालय सम्बन्धी खर्च, औषधि जन्य सामग्री र विविध खर्च ,दै भ्र भ, पानी विजूली महशुल, संचार महशुल, भाडा इन्धन ,मर्मत संभार आर्थिक सहायत वितरण अतिथी सत्कार लगायत) | चालु खर्च ( कार्यालय सम्बन्धी खर्च, औषधि जन्य सामग्री र विविध खर्च ,दै भ्र भ, पानी विजूली महशुल, संचार महशुल, भाडा इन्धन ,मर्मत संभार आर्थिक सहायत वितरण अतिथी सत्कार लगायत) |
| १२ | शिक्षा | शिक्षा |
| १३ | राजस्व तथा आन्तरिक आय | राजस्व तथा आन्तरिक आय |
| १४ | तलब भत्ता भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने | तलब भत्ता भुक्तानीमा कानूनी प्रकृया पूरा नहुन सक्ने |
| १५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| १६ | सोझै खरिदका भौचर | सोझै खरिदका भौचर |
| १७ | भुक्तानी करकट्टी | भुक्तानीमा कर कट्टि |
| १८ | सिलवन्दी दरभाउपत्रवाट भएका खरिद | सिलवन्दी दरभाउपत्रवाट भएका खरिद |
| १९ | खर्चको नियमितता र मितब्ययिता | खर्चको नियमितता र मितब्ययिता |
| २० | परामर्श सेवा खरिद | परामर्श सेवा खरिद |
| २१ | सहकारी संस्थाको सञ्चालन र नियमन | सहकारी संस्थाको सञ्चालन र नियमन |